वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव किरणद्वारा भारत सरकारसँग लिपुलेक, कालापानी र लिम्पियाधुरासम्मको सम्पूर्ण अतिक्रमित नेपाली भूमि अविलम्ब फिर्ता गर्न जोडदार माग

शेरबहादुर देउवा नेतृत्वको सरकारले यसको कुनै प्रतिवाद नगर्नु र अतिक्रमित भूमि फिर्ता गराउन कुनै पहल नगर्नु नेपाली शासक वर्गको राष्ट्रिय आत्मसमर्पणवादी चरित्रको अभिव्यक्ति

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)
Communist Party of Nepal (Revolutionary Maoist)
केन्द्रीय समिति
Central Committee

काठमान्डौ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बोलेको भिडियो हालै सार्वजनिक भएको छ। जसमा उनले तिब्बतको मानसरोवर पुग्नका लागि लिपुलेकसम्म सडक विस्तार भइसकेको भनी त्यसको निर्लज्ज उद्घोष गरेका छन्। तर नेपाली भूमिमा भारत सरकारले सडक निर्माण गरेको विषय सार्वजनिक हुँदा समेत बाँकी ७ पेजमा

वर्ष ६ अङ्क २८ पूर्णाङ्क २६६ २०७८ पुस २६ गते सोमबार Monday, 10 Jan., 2022 पृष्ठ ८ मूल्य रू. १०।-

राष्ट्रघातको मतियार बन्दै कांग्रेस-एमाले

काठमाडौं। चालू अधिवेशनबाटै एमसिसी अनुमोदन गराउन प्रधानमन्त्री शेरबहादुर देउवाले दौडधुप गरिरहेका छन्। देउवाले संसद् सुचारु गर्न विपक्षी दलका नेता केपी ओलीसँग भेटेरै संवाद गरेका छन्। एमसिसी अगाडि बढाउन संसद् सुचारु गर्नुपर्ने सभामुखले अडान लिएका छन्। सभामुखको अडानपछि देउवा ओली निवास बालकोटमै पुगेर ओलीसँग भेट गरेका छन्। भेटमा प्रधानमन्त्री देउवाले संसद्को अवरोध हटाएर एमसिसी पास गर्ने काममा सहयोग गर्न एमाले अध्यक्ष ओलीसँग प्रस्ताव राखेका गरेका छन्। देउवा र ओलीबीच भएको करिब पौने घन्टा वार्तालापपछि दुवैले राम्रो कुराकानी भएको संक्षिप्त प्रतिक्रिया दिएका थिए। यसअघि ओलीले गठबन्धन तोडिए एमसिसीमा प्रधानमन्त्रीलाई सहयोग गर्न सक्ने आश्वासन दिएका थिए।

संसद् बैठक २८ पुसमा बस्दै छ। त्यसपूर्व विपक्षसँग पनि संवाद गर्ने र एमसिसी सदनमा लैजाने वातावरण बनाउने प्रधानमन्त्री र गठबन्धनमा रहेका दलका नेताहरूको तयारी रहेको देखिन्छ। यसअघि २२ पुसमै एमसिसी सदनमा लैजान गरी १२ पुसमा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र एमाले संसदीय दलका उपनेता नेम्वाङबीच लामो छलफल भएको थियो। स्रोतका अनुसार त्यस दिन संसद्का महासचिव भरतराज गौतमको कार्यकक्षमा कार्की र नेम्वाङवीच साढे दुई घन्टा कुराकानी भएको थियो।

प्रधानमन्त्री देउवाले सत्तागठबन्धनमै रहेको दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग एमसिसी अगाडि बढाउने विषयमा पटकपटक छलफल गरेका छन् । सदन खोल्ने गरी पहिला विपक्षीसँग संवाद गरेर मात्रै एमसिसी अगाडि बढाउन प्रचण्डले सुझाव दिएपछि प्रधानमन्त्री देउवाले औपचारिक-अनौपचारिक सूत्रमार्फत ओलीसँग संवाद बढाएका थिए। यसैअनुसार कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल बुधबार बालकोट पुगेर ओलीसँग छलफल गरेका थिए।

देउवाले आफ्नो पार्टीको दशौं अधिवेशन सुरु भएकै दिन मंसिर २८ गते नै एमसिसी अगाडि बढाउने चाहेका थिए। तर, कांग्रेस महाधिवेशनमा २७ मंसिरमा भएको मतदानमा सभापतिको निर्वाचन दोस्रो चरणमा प्रवेश गरेपछि २८ मंसिरमा एमसिसी अगाडि बढाउने प्रयत्न रोकियो। देउवाले २९ मंसिरमा एमसिसी अगाडि बढाउन चाहेका थिए। यसका लागि बैठक आह्वान गर्न कांग्रेस सचेतक पुष्पा भुसाल र सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सभामुखसँग आग्रह गरेका थिए। एमालेले आफूहरूको विरोधबीच एमसिसी अगाडि बढाउन 'ग्रिन सिग्नल' दिइसकेको थियो। तर, सत्तागठबन्धनमै रहेका दलका नेताहरूले सहमति खोज्न भनेपछि प्रधानमन्त्री पछाडि हटेका थिए। त्यसैगरी एमसिसी सदनमा लैजाने गरी १२ पुसमा सञ्चारमन्त्री कार्की र एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङबीच लामो छलफल भयो। त्यसैअनुसार प्रधानमन्त्री देउवाले २२ पुसमा एमसिसी अगाडि बढाउन खोजेका थिए। तर, गठबन्धनमै रहेका नेताहरूले सदन खोलेरै मात्र कदम चाल्न सुझाव दिएपछि देउवा यसपटक पनि पछाडि हटे। अब २८ पुसमा प्रतिनिधिसभाको बैठक बस्दै छ। सम्भव भएसम्म यही बैठकबाट एमसीसी पास गराउन देउवाले दौडधुप गरिरहेका छन्।

अर्को एक समाचार स्रोतका अनुसार २०७८ माघ १२ गते राष्ट्रिया सभाको निर्वाचन सम्पन्न भएलगत्तै प्रधानमन्त्री देउवाले एमसीसी सम्बन्धी प्रस्तावलाई प्रक्रियागत रूपमा संसदमा अगाडि बढाउने योजना बनाएका छन्। जसरी पनि पास गरेरै छाड्ने एमसीसी योजना सफल पार्नका लागि प्रधानमन्त्री देउवाले गठबन्धनकै अन्य दलहरूबाट आउनसक्ने अवरोधको पनि सामना गर्ने रणनीति बनाएका छन्। बाँकी ५ पेजमा

माइतीघर मण्डलामा मोदीको टाउकाको फुटबल खेलियो

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी)का नेता कार्यकर्ताले माइतीघर मण्डलामा विरोध प्रदर्शन र कोणसभासँगै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको टाउकाको फुटबल बनाएर खेले र पुत्ला पनि दहन गरे।

नेपालको स्वाधीनताको विरुद्धमा अभिव्यक्ति दिने भारतीय विस्तारवादी शासक मोदीको विरोधमा आयोजना गरिएको विरोध प्रदर्शनमा प्रहरीको आँखा छल्दै प्रदर्शनकारीहरूले मोदीको टाउकाको फुटबल बनाएर खेलेका हुन्।

भारतीय विस्तारवाद मुर्दावाद, विस्तारवादी सेना नेपाल छोड, नेपाली स्वाधीनता जिन्दावाद भन्दै चर्को नाराबाजीसहित गरिएको विरोध प्रदर्शनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पुत्ला समेत दहन गरिएको थियो।

कोणसभा सकिएलगत्तै प्रहरी अवरोधका बाबजुद मोदीको टाउकाको फुटबल र पुत्ला दहन गरिएको थियो।

मोदीको चरम दादागिरीको अभिव्यक्तिका विरुद्ध क्रान्तिकारी माओवादी : वक्तव्यदेखि विरोध प्रदर्शनसम्म

मोदीको टाउको अंकित फुटबलमा लात्ति हानाहान र पुत्लादहन

काठमाडौं। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले तिब्बतको मानसरोवर पुग्नका लागि लिपुलेकसम्म सडक विस्तार भइसकेको भनी बोलेको भिडियो सार्वजनिक भएपछि त्यसको कडा विरोध गर्दै नेकपा (क्रान्तिकारी माओवादी)ले वक्तव्य जारी गरेको छ। र, काठमाडौंमा विरोध प्रदर्शन समेत गरेको छ।

नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले जारी गरेको वक्तव्यमा मोदीको यो निर्लज्ज उद्घोषलाई भारतीय प्रधानमन्त्री मोदीको विस्तारवादी मानसिकता र चरम दादागिरीको बाँकी ७ पेजमा

नि:शुल्क पत्रकारिता तालिमको उद्घाटन गर्दै महासचिव किरणले भन्नुभयो- 'जनपक्षीय पत्रकारिता आजको आवश्यकता'

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)को आयोजनामा गरिने सात दिने निःशुल्क आधारभुत पत्रकारिता तथा उद्घोषण तालिमको उद्घाटन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव किरणले जनपक्षीय पत्रकारिता आजको आवश्यकता भएको बताउनु भएको छ।

उहाँले संसवादी दलहरूले समाजवाद भन्ने तर पूँजीवाद लागू गर्ने गरेको र संसदीय ब्यवस्था भनेकै दलाल पुँजीपतिहरूको ब्यवस्था भ ए का ले बाँकी ७ पेजमा

'भारतीय विस्तारवाद मूर्दावाद'भन्दै क्रान्तिकारी माओवादीले गऱ्यो विरोध प्रदर्शन

काठमाडौं। नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको प्रदेश ३ को आयोजनामा विरोध प्रदर्शन गरिएको छ। नेपाली भुमि लिपुलेकमा बाटो बनाइरहेको भनी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दिएको अभिव्यक्तिको विरोधमा विरोध प्रदर्शन गरिएको हो।

पार्टीको कुपन्डोल कार्यालयबाट सुरु गरिएको विरोध प्रदर्शनसहितको ऱ्याली बाँकी ७ पेजमा

बेरोजगारी समस्याबारे

निजीकरण यस्तो अर्थ-राजनीतिक हतियार हो जसले देशमा पहिल्यै निर्माण भएर पछिसम्म बचेखुचेका उद्योगधन्दा तथा कलकारखाना र निर्माण, स्वास्थ्य, शिक्षा लगायतका आर्थिक कारोवार गरिने सबै व्यवसायहरुमा राज्यको कुनै पनि भूमिका नरहने र तिनलाई बजारको जिम्मामा सुम्पिने गर्दछ



● बसन्त ●

"राजनीतिक अर्थशास्त्रीहरूले मान्दछन् कि श्रम नै सबै प्रकारका धनहरूको स्रोत हो। यो प्रकृति पछिको साँच्चिकै यस्तो एउटा स्रोत हो जसले सम्पत्तिमा रूपान्तरित हुने सामग्रीहरू उपलब्ध गराउँछ। तर, श्रम यो भन्दा पनि निकै धेरैले (ष्लाष्लष्तभथि) बढी हो। यो सम्पूर्ण मानव जातिको अस्तित्वका निमित्त प्रमुख आधारभूत सर्त हो, यहाँसम्म कि एक अर्थमा श्रमले नै मानिस बनाएको हो।" यी फ्रेडरिक एङ्गेल्सद्वारा रचित "वानरबाट मानिस बन्ने प्रक्रियामा श्रमको भूमिका" शीर्षक रहेको प्रसिद्ध कृतिमा लेखिएका सुरुका वाक्य हुन्। यो उद्धरणले श्रम र मानिसका बीचको अक्षुण्ण अन्तरसम्बन्धलाई मात्र होइन श्रम नै मानव जातिको अस्तित्वको एकमात्र कारण हो भन्ने ऐतिहासिक भौतिकवादी मान्यतालाई समेत सटिक ढङ्गले प्रस्तुत गरेको छ।

मानिस एउटा सचेत सामाजिक प्राणी हो। यसले आफ्ना भौतिक आवश्यकताहरू पुरागर्न श्रम गर्ने गर्दछ। उसले गर्ने श्रमको स्वरूप तत्कालीन समाजको उत्पादन पद्धति र उत्पादन सम्बन्धमा आधारित हुन्छन्। सुरुमा मानव जातिले प्रकृतिसँग लडदै सामूहिक श्रम गर्दथ्यो र उपभोग पनि सामूहिक नै हुन्थ्यो। अर्थात् सक्ने जति सबैले श्रम गर्थे र समूहका सबैले मिलेर खान्थे। त्यहाँ कोही बेरोजगार हुन्थेन। त्यो वर्गविहीन आदिम साम्यवादी युग थियो।

समय बित्दै जाँदा समाजमा वर्गहरू देखिन थाले – एकातिर उत्पादनका साधनमाथि कब्जा जमाएका मुठ्ठीभर शोषकहरू र अर्कोतिर उत्पादनका साधनबाट बञ्चित हुँदै गएका आम शोषित जनता। उत्पादनका साधनहरू कब्जा गर्ने र समाज वर्गमा विभाजित हुने प्रक्रिया दासयुगबाट सुरु भएर सामन्तवाद हुँदै पुँजीवादी व्यवस्थामा उत्कर्षमा पुग्यो। १८औ शताब्दीको उत्तरार्धतिर औद्योगिक क्रान्तिपछि बेलायत, फ्रान्स जर्मनी लगायतका देशहरूमा पुँजीवादी क्रान्ति सम्पन्न भए। ती देशमा पुँजीवादको जुन विकास भयो पुराना उत्पादन सम्बन्धहरू सबै बदलिए। ती देशमा मानव समाज उत्पादनका साधनहरूमाथि एकलौटी कब्जा गरेका मुठ्ठीभर पुँजीपति वर्ग र उत्पादनका साधनहरूबाट बञ्चित भएका श्रमजीवी वर्गमा विभाजित हुन गयो। बाँकी ६ पेजमा

सम्पादकीय

विदेशी हस्तक्षेपमा सडक नबोली बोल्दैन सरकार

वि.सं २०७६ कार्तिक १६ गते भारतले जम्मू-कश्मीर र लद्दाखलाई केन्द्र शासित प्रदेश बनाएपछि जारी नयाँ नक्सामा नेपाली भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी समावेश गऱ्यो । सडकमा खासगरी नेकपा (क्रान्तिकारी माओवादी) लगायत देशभक्त क्रान्तिकारी शक्तिहरूले चर्को विरोध र दबाब सिर्जना गरेपछि सरकारले कार्तिक २० गते 'कालापानी क्षेत्र नेपालको भूभाग हो' भन्ने विषयमा नेपाल सरकार स्पष्ट रहेको भन्दै परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गऱ्यो । भारतको विदेश मन्त्रालयले भने आफ्नो नयाँ नक्सामा नेपालसँगको सीमामा कुनै हेरफेर नगरेको भनाइ सार्वजनिक गऱ्यो ।

भारतीय दुताबास घेराउदेखि दैनिक विरोध प्रदर्शनपछि वि.सं २०७६ मङ्सीर ३ मा भारतको नयाँ नक्साबारे भारत सरकारलाई 'कूटनीतिक नोट' पठाउँदै सुगौली सन्धि अनुसार काली (महाकाली नदी) पूर्वको लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालको भूमि भएको कुरा पुनःस्मरण गराइएको नेपालको परराष्ट्र मन्त्रालयको भनाइ सार्वजनिक भयो ।

यसरी सडकदेखि सरकारसम्म भारतीय अतिक्रमणको विरोध भइरहँदा वि.सं २०७७ वैशाख २६ मा भारतका रक्षामन्त्री राजनाथ सिंहद्वारा नेपाली भूमि लिपुलेक क्षेत्रमा निर्मित तिब्बतमा रहेको कैलाश मानसरोवर जोड्ने सम्पर्क सडक सञ्जालको भिडिओ कन्फरेन्समार्फत् उद्घाटन गरे । भारतको यस्तो दादागिरी र हस्तक्षेपको सडकमा थप चर्को विरोध भएपछि वि.सं २०७७ वैशाख २७ गते सडक निर्माण गर्ने एकतर्फी गतिविधि दुई देशबीच भएका समझदारी विपरीत रहेको नेपाल सरकारको भनाइ सार्वजनिक भयो । भारतले फेरि सडक सञ्जाल उत्तराखण्ड राज्यको पिथौरागढ जिल्लामा पर्ने भारतीय सीमा भित्रै रहेको प्रतिक्रिया दियो ।

भारतीय हस्तक्षेप र सरकारको लम्पसारवादी चरित्रको चर्को विरोध सडकमा बढ्दै गएपछि राजनीतिकदेखि नागरिक तहसम्म राष्ट्रिय स्वाधीनताको आवाज उठेपछि वि.सं २०७७ जेठ ७ गते नेपालको मन्त्रिपरिषद्ले लिम्पियाधुरा, लिपुलेक र कालापानी सहितको नयाँ नक्सा जारी गर्ने निर्णय पारित गऱ्यो र नेपालको आधिकारिक राजनीतिक र प्रशासनिक नक्साको रूपमा जारी गरियो । र, जेठ ३१ गते नेपालले जारी गरेको नयाँ नक्सा अनुसार निशान छाप परिमार्जन गर्ने प्रस्ताव गरिएको संविधान संशोधन विधेयक प्रतिनिधि सभाबाट समेत पारित गरियो । सडक संघर्षको दबाबमा राष्ट्रिय स्वाधीनताको क्षेत्रमा सरकारले गरेको यो एउटा ऐतिहासिक काम थियो ।

तर नक्सामा कायम गरिएपनि बर्षौंदेखि कब्जा जमाएर बसेको भारतीय शासकबाट उक्त नेपाली भूमि कसरी फिर्ता गराउने र कालापानी क्षेत्रबाट भारतीय सेनालाई कसरी हटाउने भन्ने विषयमा सरकारले सिन्को भाँचेन । सडकमा भूमि फिर्ताको माग राखेर दैनिकजसो क्रान्तिकारी माओवादीसहित देशभक्त तथा क्रान्तिकारी शक्तिहरूले प्रदर्शन गरिरहे । तर सरकारले त्यसको कुनै सुनुवाइ गरेन । बरु उल्टो सत्तास्वार्थका निम्ति नक्सा जारी गर्नसम्म तयार भएको सरकार त्यसपछि भारतीय शासकवर्गकै दलालीमा लिप्त हुनपुग्यो । भारतीय विस्तारवादसँग आत्मसमर्पण गरिसकेका शासकहरूले नेपाल र नेपालका विषयमा भारतीय शासकहरूले जे गरे र बोले पनि त्यसको विरोध त के सामान्य प्रतिक्रिया दिने हैसियत समेत गुमाउन पुगे । लिम्पियाधुरासहितको अतिक्रमित नेपाली भूमि फिर्ताका लागि यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्ने, राजनीतिक तथा कुटनीतिक रूपमा आफ्ना ऐतिहासिक प्रमाणसहित अडानका साथ वार्ता सम्वाद गर्नुपर्ने प्रमुख, महत्वपूर्ण र ऐतिहासिक कार्यभारबाट पन्छिएर (भागेर) नेपाल सरकार र यसका सञ्चालकहरू अहिले निरिह अभिव्यक्ति दिइरहेका छन् । यहाँसम्म कि प्रत्येक दश वर्षमा गरिने राष्ट्रिय जनगणनामा समेत सरकारले त्यस क्षेत्रको जनगणना गर्ने हिम्मत गर्न सकेन । न त महाकाली नदी तर्दै गर्दा तुइन काटिदिएर नेपाली युवाको हत्या गर्ने भारतीय एसएसबी जवानलाई नै कारबाहीको दायरामा ल्याउन सक्यो । यति निरिह बनेको देउवा नेतृत्वको नेपाल सरकारले हालै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफूले लिपुलेकसम्म बाटो बनाएको र विस्तारको काम भइरहेको भनी दिएको अभिव्यक्तिको कुनै प्रतिक्रिया वा प्रतिवाद गरेन ।

यस विषयमा चुँ सम्म नबाल्ने देउवा देउवा सरकारको लम्पसारवादी प्रवृत्तिका विरुद्धमा समेत मोहन वैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले विरोध प्रदर्शन गऱ्यो । विरोध प्रदर्शन मात्रै गरेन, मोदीको टाउकाको बल बनाएर लात्ति हानाहान र पुत्ला दहन समेत गऱ्यो । मोदीको पछिल्लो विस्तारवादी हेपाहा अभिव्यक्तिको विरोधमा क्रान्तिकारी माओवादीबाहेक न त सरकार, न त कुनै राजनीतिक पार्टी कोही पनि बोलेका छैनन् । बरु देउवा सरकार र संसदवादी पार्टीहरू देशको सिंगो भूगोल र नक्सालाई गम्भिर जोखिम (संकट)मा पार्ने गर्ने राष्ट्रघाती एमसीसी सम्झौतालाई सदनबाट पास गराउन दिनरात दौडधुप गरिरहेका छन् । देशलाई गम्भिर दुर्घटनामा पार्ने डरलाग्दा षड्यन्त्र र चलखेल पर्दाभित्र र बाहिर तीव्र बनिरहेको अहिलेको अवस्थामा सच्चा देशभक्त, वामपन्थी र क्रान्तिकारी शक्तिहरू सुदृढरूपमा एकताबद्ध बनेर तमाम राष्ट्रघाती र जनघाती षड्यन्त्रहरूको सशक्त प्रतिरोधमा लाग्न जरुरी छ । राष्ट्र बचाउने जिम्मा अब देशभक्त क्रान्तिकारीहरूको काँधमा आएको छ ।

परिवर्तनको सम्वाहक
WELCOME मूलबाटो WELCOME
मुख्य पृष्ठ समाचार विचार कुराकानी साहित्य प्रवास खेलकुद प्रविधि सिने जगत पर्यटन ENGLISH
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

गलत प्रवृत्ति, प्रवृत्तिगत अन्तरविरोध र त्यसको सही समाधानबारे

● खगेन्द्र छन्त्याल ●

मार्क्सवादको वास्तविक अध्ययन, प्रशिक्षण, स्कुलिङ्ग र प्रचार प्रसार पनि यस्ता गलत प्रवृतिको उपचारको अर्को बिधि हुनसक्छ । यसको अलावा त्यस्ता गलत प्रवृतिलाई निरुत्साहित गर्नको निम्ति क्रान्तिकारी पार्टीले विभिन्न अन्तरपार्टी निर्देशन जारी गर्नुका साथै क्रान्तिकारी पार्टी र आन्दोलनमा देखिएका यस्ता गलत प्रवृतिका बिरुद्ध विभिन्न अभियानहरू संचालन गर्न सक्छ

समाज बहुरंगी छ । यहाँ विभिन्न समयमा विभिन्न प्रकार का प्रवृतिहरू देखापर्दछन । क्रान्तिकारी पार्टी पनि समाजकै एउटा हिस्सा भएको कारण समाजमा देखिने विभिन्न खाले प्रवृतिहरूको छाप क्रान्तिकारी पार्टीमा देखिनु स्वाभाविक हो । अवस्य समाज या क्रान्तिकारी पार्टीमा देखिने कैयौ प्रवृतिहरू सहि र गलत दुवै प्रकारका हुन्छन । व्यक्तिमा निहित सहि या गलत प्रवृतिकै कारण व्यक्तिहरू बिचका दुरी बढ्ने र घट्ने गर्दछ । प्रवृतिगत समानता छ भने व्यक्तिले नचाहेर पनि उनीहरू बिचको भावानात्मक एकता कायम हुनेगर्दछ । त्यस्तै प्रवृतिगत असमानता र विभेद छ भने व्यक्तिले चाहेर पनि भावानात्मक एकता कायम हुन सक्दैन । ठिक त्यहीनेर सहि र गलत प्रवृतिका दुई वेग्लावेग्लै ध्रुव निर्माण हुन्छन र उनीहरू विच संघर्ष सुरु हुन्छ । यसरि प्रवृतिगत अन्तर सम्बन्ध र अन्तरविरोधको जन्म हुनेगर्दछ ।

अस्वाभाविक महत्वाकांक्षी बन्नु, अस्वाभाविक पदलोलुप देखिनु, नाङ्गो ढंगले आत्मा प्रदर्शन गर्नु, आत्माप्रचारमा रमाउनु, गुण्डा नाईके भैँ लठैतहरूको अगुवा बनेर हिड्नु, सांगठनिक अनुशासनमा नवाढिनु, पार्टीको बिधि, पद्धति र प्रक्रियाको धज्जी उडाउनु,व्यक्तिवादी तथा अराजकतावादी शोच र चिन्तनले ग्रसित हुनु, आर्थिक पारदर्शिता नहुनु, गुटगत मानसिकतामा अल्झनु, फरियावाद-परिवारवाद-नातावादको घेरामा वाधिनु आदि / ईत्यादि नै क्रान्तिकारी पार्टीका कतिपय नेता कार्यकर्ताहरूमा वे लाबखत देखिने गलत प्रवृतिहरू हुन् ।

गलत प्रवृतिले क्रान्तिकारी पार्टीलाई नोक्शानी गर्दछ । त्यसप्रकारको गलत प्रवृतिहरूले पार्टीमा विभिन्न समस्याहरू शृजना गर्दछन । यस्ता गलत प्रवृतिले प्रतिक्रान्तिको सेवा गर्दछन । ति गलत प्रवृतिहरूनै संशोधनवादका स्रोतहरू हुन, प्रतिक्रान्तिका बिउ हुन । क्रान्तिकारी पार्टीमा गलत प्रवृतिहरू कतिपय जिम्मे वार नेता, कार्यकर्ताहरूको बिचार, ब्यबहार र क्रियाकलाप मार्फत अभिव्यक्त हुने गर्दछन । सिद्दान्त,बिचार,दृस्टीकोणमा जस्तै गलत प्रवृतिका बिरुद्ध पनि क्रान्तिकारी पार्टी भित्र संघर्ष चल्ने गर्दछ त्यही संघर्षलाई नै प्रवृतिगत अन्तरविरोध भनिन्छ ।

प्रवृतिगत अन्तरसंघर्षको क्रममा आफ्नो कमजोरी ढाकछोप गर्नका निम्ति त्यसप्रकारका गलत प्रवृतिका संवाहकहरूले कहिले काही क्रान्तिकारी पार्टी र आन्दोलन भित्र विभिन्न खालका भ्रम दिने र बिषयलाई अर्कोतिर मोड्ने प्रयत्न गर्दछन । उनीहरूले सहि र गलत प्रवृति बिचको प्रवृतिगत अन्तरविरोधलाई सिद्धान्त, बिचार र लाइनको अन्तरविरोध भन्दै आफु क्रान्तिकारी र अरु सबै दक्षिणपन्थी भएको ठहर गर्दछन् । वास्तवमा त्यो हास्यास्पद हो । कतिपय ठाउँमा क्रान्तिकारी आन्दोलन भित्रै पनि यस्ता प्रवृति प्रति उदासिन हुने र वेवास्तागने ' गरेको देखिन्छ । अझ कुनै वेला त कुनै कोण वाट यस्ता प्रवृतिलाई उत्साहित गरेको पनि देखिन्छ, यो राम्रो होईन । यस्ता प्रवृतिहरूलाई कदापि उत्साहित गर्नु हुदैन । गलत प्रवृति एउटा सरुवा रोग हो यसले क्रान्तिकारी पार्टी र आन्दोलनलाई भुत्ते बनाउछ । क्रान्तिकारी पार्टी भित्र यस्ता प्रवृतिलाई ठाउका ठाउ कुल्चनुपर्दछ । सचेत क्रान्तिकारीहरूले यस्ता प्रवृतिहरूका बिरुद्ध पार्टी भित्र निर्मम संघर्ष गर्नुपर्दछ । एकता,संघर्ष र रूपान्तरणको माध्यम वाट तथा आलोचना,आत्मालोचना,चेतावनी र आवस्यकता परे कार वाहीको प्रक्रिया वाट यसप्रकार का प्रवृतिहरूलाई क्रान्तिकारी पार्टी र आन्दोलन मा निरुत्साहित गर्नुपर्दछ ।

महान माओ भन्नु हुन्छ : 'वास्तवमा मानिसहरू विभिन्न मात्रामा मार्क्सवादी हुने गर्दछन । कोहि १०० प्रतिशत,कोहि ९०,८०,७०, ६० वा ५० प्रतिशत मार्क्सवादी हुन्छन भने कोहि १० वा २० प्रतिशत मात्र मार्क्सवादी हुन्छन ' (कम्युनिस्ट र श्रमिक पार्टीहरूको प्रतिनिधिहरूको मस्को बैठकमा दिनुभएको मन्तव्यको अंश' मार्क्सवादी -लेनिनवादी-माओवादी संगठनात्मक सिद्दान्त - पृष्ठ १९०,रक्तिम प्रकाशन,नेपाल)

वास्तवमा थोरै मार्क्सवादी बनेकाले नै आफुलाई सबभन्दा बढी मार्क्सवादी ठान्ने समस्या नै क्रान्तिकारी पार्टी र आन्दोलनमा गलत प्रवृति फैलिनुको कारक हो । मार्क्सवादको खोल ओढेर मार्क्सवाद बिरोधि गतिबिधि गनेहरू नै समस्याको जड हुन । आफुलाई मार्क्सवादको सिपालु शिक्षक ठान्ने,ठुलै मार्क्सवादी बिद्वान महसुश गर्ने तर ब्यबहार मार्क्सवाद बिपरित गर्नेहरूनै समस्याका स्रोत हुन । मार्क्सवाद भन्छ : अस्वभाविक महत्वाकांक्षी नवन, अस्वभाविक पदलोलुप नहोउ, नाङ्गो ढंगले आत्मा प्रदर्शन नगर, आत्माप्रचारमा नर माउ, गुण्डा नाईके भैँ लठैतहरूको अगुवा नबन, सांगठनिक अनुशासनमा बस, पार्टीको बिधि, पद्धति र प्रक्रियाको पालना गर, व्यक्तिवादी तथा अराजकतावादी शोच र चिन्तनबाट मुक्त होउ, आर्थिक अराजकता नगर, गुटगत मानसिकतामा वाट माथि उठ, फरियावाद-परिवारवाद-नातावादको घेरामा कैद नहोउ । तर तिनीहरू जसले आफुलाई १०० प्रतिशत मार्क्सवादी ठान्छन्, यसको ठिक बिपरित गर्छन् ।

त्यसकारण मार्क्सवादको वास्तविक अध्ययन, प्रशिक्षण, स्कुलिङ्ग र प्रचार प्रसार पनि यस्ता गलत प्रवृतिको उपचारको अर्को बिधि हुनसक्छ । यसको अलावा त्यस्ता गलत प्रवृतिलाई निरुत्साहित गर्नको निम्ति क्रान्तिकारी पार्टीले विभिन्न अन्तर पार्टी निर्देशन जारी गर्नुका साथै क्रान्तिकारी पार्टी र आन्दोलनमा देखिएका यस्ता गलत प्रवृतिका बिरुद्ध विभिन्न अभियानहरू संचालन गर्न सक्छ ।

'सन् १९२९ डिसेम्वरमा चिनिया लाल सेनाको चौथो फौजको नवौ पार्टी महाधिवेसनका निम्ति कमरेड माओले एउटा प्रस्ताव तयार पार्नुभयो । उक्त प्रस्तावको नाम थियो 'पार्टी भित्रका गलत बिचारहरूलाई सुधार्ने सम्बन्धमा ' । प्रस्तावले सम्पूर्ण अनुभवहरूको निचोड निकालेको थियो । यसले गर्दा लालसेनाले पुरै मार्क्सवादी-लेनिनवादी आधारमा आफ्नो निर्माण गर्न र पुरानो खालका सेनाहरूको सारा प्रभावलाई निर्मुल पार्न सक्यो । चौथो फौज मात्र होईन,बरु क्रमागत रूपले लालसेनाका अरु सवै टुकुडीहरूमा पनि यसलाई कार्यान्वयन गरियो । यसप्रकार वाट सम्पूर्ण चिनिया लालसेना पुरा रूपमा जनताको सच्चा सेना बन्यो ' -मार्क्सवादी-लेनिनवादी- माओवादी संगठनात्मक सिद्दान्त पृष्ठ ६८,रक्तिम प्रकाशन, नेपाल ।

पार्टी नेतृत्वको एउतै अस्त्रले कति जादुमय भूमिका खेल्न सक्छ र बिग्रिदै गरेको चिज कसरी ठिक ठाउमा आउनसक्छ भन्नेकुराको यो एउटा राम्रो उदाहरण हो । उक्त प्रस्तावमा कमरेड माओले बिशुद्द सैनिक द्रिस्तिकोण,,अति जनवाद,संगठनात्मक अनुशासनको अवहेलना, निरपेक्ष समानतावाद, मनोगतवाद, व्यक्तिवाद, घुमक्कड बिद्रोही दलका विचारधारा,बिप्लववादका अवशेषहरू,पार्टी भित्रका जनवाद वारेमा प्रयाप्त प्रकाश पार्नुभएको देखिन्छ ।

चिनियाँ जनवादी क्रान्ति सम्पन्न भय पश्चात सन १९५१ र १९५२ मा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रिय समितिले ' तिन खरावी र पाच खरावी हरूको बिरुद्ध संघर्ष गर ' भन्ने एउटा अन्तरपार्टी निर्देशन जारि गऱ्यो । तिन खरावी भित्र भ्रस्टाचार,वर्वादी र नोकरशाही पर्दथे । त्यस्तै पांच खरावी भित्र घुसखोरी,कर छली,राज्यको सम्पतिको चोरी,सरकारी ठेक्का पट्टा हरूमा हुने ठगी र आर्थिक सुचनाको चोरी पर्दथे । त्यसै गरि चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रिय समितिले १९५३ मा 'पांच अचाक्लीहरूको समस्या समाधान गर' भन्ने निर्देशन जारि गऱ्यो । यी निर्देशनहरूले चिनिया कम्युनिस्ट पार्टी र उसको नेतृत्वमा सम्पन्न नयाँ जनवादी क्रान्तिलाई थप मजवुत बनाउन महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो ।

अवस्य हामीले पनि नेपालको क्रान्तिकारी पार्टी र आन्दोलनमा देखियका गलत प्रवृतिहरू र त्यसद्वारा सिर्जित प्रवृतिगत अन्तरविरोधको सहि समाधानको निम्ति चिनियाँ शैलीको अनुशरण गर्न सकिन्छ । अत : उल्लेखित गलत प्रवृतिहरूको भण्डाफोर गर्दै तिनका बिरुद्ध संघर्ष गरेर क्रान्तिकारी पार्टी र क्रान्तिकारी आन्दोलनको रक्षा गर्नको निम्ति क्रान्तिकारी पार्टीले अन्तरपार्टी निर्देशन जारि गर्न सक्छ, जसको स्वागत र कार्यान्वयन गर्नको निम्ति क्रान्तिकारी पार्टीका ईमान्दार नेता कार्यकर्ताहरू सधै आतुर छन् ।

कम्युनिस्ट नेतृत्व कस्तो हुनुपर्दछ ?



पार्टी समितिको नेतृत्व भनेको सामूहिक नेतृत्वलाई सुरक्षित राखी कार्य सञ्चालन गर्ने हो न कि कसैको व्यक्तिगत एकलौटी हुन नदिने महत्वपूर्ण कार्य पनि हो। अहिले कम्युनिष्ट पार्टीका केही नेतृत्वदायी समितिहरूमा के समस्या देखापर्दछ भने पार्टीको नीति र काममा एकजना व्यक्तिले मात्र कार्य सञ्चालन गर्नु र महत्वपूर्ण समस्याहरू बारे निर्णय गर्नु स्वभाविक चलन हुँदै गइरहेको छ। अन्य समितिका सदस्यहरू नाउँ मात्रका सदस्यहरू बन्न पुगेका छन्। यसले के समस्याहरू निम्त्याएको छ भने समितिका सदस्यहरूबीच मतभेद हुने, देखावा एकताको मात्र पालना हुने।

तसर्थ यस्तो कमजोरी हटाउनको लागि सिंगो पार्टी जनवर्गीय संगठनहरूका समितिले सबैखालका महत्वपूर्ण समस्याहरूको समाधानको लागि बैठकहरूमा छलफल गरी सही निचोड निकाल्नु पर्दछ। उक्त बैठकहरूमा समितिका सदस्यहरूलाई आफ्नो दृष्टिकोण पूरा तवरबाट राख्न दिनुपर्दछ। उचित निर्णयमा पुगिसकेपछि उक्त निर्णयहरूलाई सबैले कार्यान्वयन गर्नुपर्दछ। साथै उक्त समितिका बैठकहरू दुई तहमा विभाजित गरी स्थायी र प्लेनमको रूपमा राखी सामूहिक नेतृत्व र व्यक्तिगत उत्तरदयित्वको आधारमा गरिनु पर्दछ।

त्यस्तै गरी 'पार्टी समितिका नेताले अवश्य पनि दल नेता बन्न सिपालु हुनुपर्दछ।' भन्नुको तात्पर्य के हो भने कुनै पनि समितिमा निश्चित संख्यामा सदस्यहरू रहेका हुन्छन्। कुनै पनि समितिको अर्थात् दलको नेतृत्व गर्ने कुरा त्यति सजिलो भने अवश्य नै छैन। नेतृत्व गर्नुको अर्थ सामान्य तथा विशेष नीतिहरूको निर्धारण गर्नु मात्र नभएर कार्य पद्धतिहरूको सही उपायहरू निकाल्नु पनि हो।

सामान्यतः विशेष नीतिहरू सही भए पनि कार्य पद्धतिहरूको वास्ता भएन भने विभिन्न खालका बाधा अड्चनहरू आउन पनि सक्छन्। नेतृत्वले कार्य सञ्चालन गर्नका लागि आफ्ना दल सदस्यहरूसँग पूरा भर पर्नुपर्दछ। काम अगाडि बढाउनको लागि उनीहरूलाई सामर्थ्यवान बनाउनै पर्दछ। असल दल नेता बन्नको लागि नेतृत्वले कडा मेहनतका साथ अध्ययन, जाँचबुझ गर्नु पर्दछ। नेतृत्वले आफ्ना सदस्यहरूको माझमा नीति र कामको बारेमा प्रचार तथा संगठनात्मक काम गर्न ध्यान दिइएन भने, समितिका सदस्यहरूसहितको आफ्नो सम्बन्धलाई कसरी सफलतापूर्वक सञ्चालन गर्ने भनि अध्ययन गर्दैन। उसलाई अप्ठ्यारो पर्दछ, तसर्थ दल सदस्यहरूसँग मिल्ने गरी तालमा ताल मिलाई प्रत्येक कार्यलाई सम्पादन गर्न सक्नु पर्दछ। यदि नेतृत्वले यसो गर्न सक्दैन भने उसले लाखौं जनताको भरोसा पूर्ण गर्न सक्दैन। नेतृत्व र समितिका सदस्यहरूको सम्बन्ध सदैव अल्पमतले बहुमतको निर्णय मान्ने हुनुपर्दछ। त्यसैगरी पार्टी संगठनको काम गर्ने सन्दर्भमा नेतृत्वको अगाडि थुप्रै चुनौतिहरू र समस्याहरू आइपर्दछ।

तसर्थ माओले भन्नुभएको छ - 'त्यस प्रकारका समस्याहरू आफ्नो समिति अधिल्तिर राख्नुपर्दछ। यो काम केवल नेतृत्वले मात्र होइन कि समितिका सदस्यहरूले पनि गर्नु पर्दछ। समस्याहरू आइसकेपछि बैठक बोलाउने, छलफल गर्ने, त्यसैको आधारमा केही निर्णय लिने र समस्याको समाधान गर्नुपर्दछ।' यदि उक्त समस्याहरू बैठकमा राखिदैन भने नेतृत्व र पार्टी सदस्यहरूबीच अविश्वास पैदा हुन पुग्दछ। अझ लामो समयसम्म त्यसै रहिरह्यो भने त्यसले पार्टीको काम, कारवाही अगाडि बढ्न सक्दैन। तसर्थ आफ्नो समितिमा समाधान नभए माथिल्लो समितिमा पेश गर्नुपर्दछ र आपसमा पारस्परिक वातावरण सृजना गरी अगाडि बढ्नु पर्दछ।

त्यस्तै गरी अर्को महत्वपूर्ण कार्य भनेको 'सूचनाहरूको आदानप्रदान गर्नु पनि एक हो।' यसको आशय भनेको समितिका नेतृत्व तथा पार्टी सदस्यहरूले आफूले थाहा पाएका विषयहरूमा विचार विमर्श गर्नुपर्दछ। समान खालको बुझाई बनाउन र एक अर्कोले विषयवस्तुप्रति समान धारणा बनाउनको लागि पनि यो अत्यन्त आवश्यक पर्दछ। यदि आफूले नबुझेका अथवा थाहा नपाएको विषयवस्तु आफ्नो मातहतका काम गर्नेहरूसँग सोध्ने कार्य गर्नुपर्दछ। आफूले थाहा नभएका कुरा पनि जानेको जस्तो कहिल्यै गर्नुहुँदैन।

नेतृत्वले आफूभन्दा मुनिकासँग सोध्ने र तिनीहरूबाट सिक्न संकोच मान्ने गर्नुहुँदैन। नेतृत्वले तल्लो तहमा भएका कार्यकर्ताहरूको दृष्टिकोणलाई ध्यान दिएर सुन्नु पर्दछ। गुरु हुनुभन्दा अगाडि चेला बन्नु पर्दछ। आफूले आदेशहरू दिनु भन्दा अघि तल्ला तहमा भएका कार्यकर्ताहरूबाट अवश्य सिक्नु पर्दछ। तल्लो तहका कार्यकर्ताले भनेका कुरा सही वा गलत जे पनि हुन सक्छन् तर यसलाई नेतृत्वले सबै सुनिसकेपछि विश्लेषण गर्नुपर्दछ।

त्यस्तै गरी माओको के कुरामा जोड छ भने नेतृत्वले 'पियानो बजाउन सिक' भन्नु भएको छ। यसको अर्थ के हो भने जसरी पियानो बजाउँदा दशवटै औंलाले एकैचोटी थिचेमा राग निस्कदैन। मिठो संगीत निकाल्न दशवटै औंलाले सामान्जस्यता राखेर ताल अनुसार चल्नु पर्दछ। पार्टी समितिले पनि आफ्नो केन्द्रीय कार्यलाई राम्ररी बुझ्नु पर्दछ र साथसाथै केन्द्रीय कार्यका वरिपरि भएका अरु क्षेत्रका कामलाई चलाउनु पर्दछ। नेतृत्वले धेरै क्षेत्रमा ध्यान दिनुपर्दछ। सबै समितिहरू, क्षेत्र, जिल्ला, एरिया र विभिन्न विभागहरूको कामको हेरविचार अवश्य गर्नुपर्दछ।

अझ समस्याहरूलाई छोडेर थोरै समस्याहरू झै सारा ध्यान लाउनु हुँदैन। जहाँ समस्या छ त्यहाँ नेतृत्वले बढी ध्यान दिनुपर्दछ। जसरी कसैले पियानो राम्ररी बजाउँदैन भने कसैले राम्ररी बजाउँछन्। तर उनीहरूले निकाल्ने रागमा धेरै भिन्नता हुन्छ। त्यस्तै नेतृत्व र सदस्यहरूको काम गर्ने तौरतरिका अनुसार नै कामले सफलता हासिल गर्दछ।

त्यस्तै गरी माओले 'वेसरी समात' भन्नुभएको छ। यसको आशय के हो भने पार्टी समितिका सदस्यहरूले आफ्ना मुख्य कामहरू अवश्य 'समात्ने मात्र होइन, बरु अवश्य वेसरी समात्नु'पर्दछ। कसैले कुनै कुरालाई त्यसै बेला मात्र राम्ररी समात्न सक्छ जब उसले अलिकति पनि शिथिलता विना त्यस कुरालाई बेसरी समातेको हुन्छ। समात्ने गरे पनि बेरी नसमात्नु पटक्कै नसमात्नु बराबर हुन्छ। स्वभावतः कसैले पनि हत्केला फुक्का राखेर कुनै कुरालाई अठ्याउन सक्दैन। कुनै कुरा समाते झै गरी मुठी पारे पनि कसेर मुठी नपारुन्जेल अठ्याई हुँदैन। अहिले कम्युनिष्ट पार्टीमा देखिएको समस्या भनेको यही हो। कतिपय पार्टी नेतृत्व र सदस्यहरूले मुख्य कामलाई समाउन त समाउँछन् तर बेसरी समाउँदैनन्। त्यसो हुँदा कामलाई सफल पार्न सक्दैनन्। तसर्थ पटक्कै नसमातेर पनि हुँदैन न त बेसरी समाते भने पनि काम छ। तसर्थ जिम्मेवारी नलिएर पनि हुँदैन, जिम्मेवारी लिएपछि त्यसलाई पूरा गर्नुपर्दछ।

त्यस्तै गरी 'संख्याको विचार राख' भन्ने विचार माओको रहेको छ। यसको अर्थ के हो भने नेतृत्वले परिस्थिति अथवा समस्याहरूको मात्रात्मक पक्षमा अवश्य ध्यान दिनुपर्दछ र आधारभूत मात्रात्मक विश्लेषण गर्नुपर्दछ। हरेक गुण स्वयं केही मात्रायुक्त हुन्छ र मात्रा विना गुण हुन सक्दैन। वस्तुहरूको गुणलाई निश्चित गर्ने मात्रात्मक सीमामा अवश्य ध्यान दिनुपर्दछ। नेतृत्व वा समिति सदस्यहरूले हरेक सानो सानो कार्यमा हुने सकारात्मक तथा नकारात्मक परिणामले त्यसको मुख्य कामलाई प्रभावित बनाएको हुन्छ। तसर्थ सानो सानो कमीकमजोरीहरूको जोड नै ठूलो काम अथवा गल्तीहरू हुनसक्ने सत्यको अंकहरूमा तथ्यांकहरू, प्रतिशतहरूको मुख्य पक्षलाई निश्चित गर्दछ भन्ने बुझ्नु र बुझाउनुपर्दछ।

त्यस्तै गरी 'जनतालाई ढुक्क पार्न इस्तिहार देऊ।' नेतृत्वकर्ताले वैठकहरूको सूचना अघिबाटै दिनु पर्दछ। यसो भए मात्र प्रत्येक व्यक्तिले कुन कुरामा छलफल हुने हो तथा कुन कुन समस्याहरूको समाधान गर्नुपर्ने हो भन्ने कुरा थाहा पाउँछन् र बेलैमा तयारी गर्न सक्दछन्। कतिपय समितिहरूमा अघिबाट रिपोर्टहरू र मस्यौदा प्रस्तावहरू तयार नपारीकन नै कार्यकर्ताहरूको बैठक डाकिन्छ र बैठकको निम्ति मानिसहरू आइसकेपछि मात्र क्षणिक भाषणहरू गरिन्छ। यसो गर्नु 'फौज र घोडाहरू आइपुगे तर खाना दाना अझै तयार छैनन' भन्ने भनाई सरह हो। तसर्थ चाजो मिलाई सकिएको छैन भने हतारो गरी बैठक बोलाउनु हुँदैन।

त्यस्तै गरी 'सानो र सजिलो प्रशासन' मा माओले जोड दिनुभएको छ। अहिले कम्युनिष्ट पार्टीमा यो समस्या देखा पर्दै गइरहेको छ। उनीहरूको प्रवचन, नेतृत्वले गर्ने भाषण, लेखकले लेख्ने लेख र प्रस्तावहरू अलि लामो रूपमा बनाइने गरिन्छ। यी सबै कुराहरूाई जतिसक्दो छोटो र संक्षिप्त बनाउनु पर्दछ।

त्यस्तै गरी माओले अर्को यो कुरा पनि बताउनु भएको छ कि 'आफ्नो भन्दा फरक मत भएका कमरेडहरूसित मिलेर काम गर्न ध्यान दिउ' पार्टी समिति, स्थानीय ठाउँहरू, बाहिरका मानिसहसँग यो कुरा लागू गर्नु पर्दछ। नेतृत्वहरू विभिन्न नयाँ स्थान, समितिहरूमा र आफ्नो नीति दृष्टकोण मिल्ने कमरेडहरू र फरक विचार भएकासित पनि घुलमिल हुनु पर्दछ। तसर्थ उनीहरूसँग एकता स्थापित गर्न सिपालु हुनुपर्दछ।

त्यस्तै गरी 'अभिमानका विरुद्ध खबरदारी गर' भन्ने कुरालाई माओले जोड दिनु भएको छ। कुनै पनि नेतृत्व गर्ने स्थितिमा भएका कसैको निम्ति पनि यो सिद्धान्तको विषय हो। एकता कायम गर्न महत्वपूर्ण शर्त हो। गम्भिर प्रकारका गल्तिहरू नगरेका र आफ्नो काममा निकै ठूलो गल्तिहरू नगरेका र आफ्नो काममा निकै ठूलो सफलता पाएकाहरूले पनि घमण्डी हुनुहुँदैन।

त्यस्तै गरी माओ भन्नुहुन्छ 'भिन्नताका दुई रेखाहरू खिच'। पहिलो रेखाको आशय क्रान्ति र दोस्रोको प्रतिक्रान्तिको बिचमा र उपलब्धीहरू र कमीहरूको बीचमा फरक छुट्याउने यी दुई रेखा खिच्न अवश्य विर्सनु हुँदैन र यी भिन्नताहरूलाई मनमा राखेर नेतृत्वले कार्य सञ्चालन गर्न सक्नु पर्दछ। तसर्थ प्रत्येक व्यक्ति र प्रत्येक विषयप्रति सावधानीपूर्वक अध्ययन र दृष्टिकोण विश्लेषणात्मक हुनुपर्दछ।

तसर्थ माओको यी भनाइहरूबाट के प्रष्ट हुन्छ भने सांगठानिक जीवनमा पार्टी समितिको नेतृत्व गर्ने सवालमा नेतृत्वले धेरै कुराहरूमा ध्यान दिनु पर्दछ। नेतृत्वले हरेक प्रकारका समस्याहरूको बारेमा जानकारी लिई तिनीहरूलाई समाधान गर्न वैचारिक, सांगठानिक आदि जस्ता सबै प्रकारले कुशलता प्रदान गर्न सकेमा मात्र ऊ नेतृत्वको रूपमा स्थापित हुन सक्दछ।

लेनिन भन्नुहुन्छ 'नेताले जनसाधारण वा पार्टी समिति सदस्यहरूलाई मात्र सिकाउने होइन, बरु तिनीहरूबाट सिक्ने पनि गर्नुपर्दछ।' यसको के आशय छ भने नेतृत्व पंक्तिमा रहेकाहरू घमण्डी हुनुहुँदैन र नेतृत्वले बुझ्ने कुरा के हो भने नेतृत्व हुने वित्तिकै सबै प्रकारको ज्ञान र क्षमता पूर्णता हुन्छ भन्नु सत्य होइन। त्यस्तै अर्को कुरा के हो भने नेतृत्वमा भएका अनुभव पर्याप्त नहुन पनि सक्दछ। तसर्थ आफ्नो अनुभवलाई सर्वसाधारणको अनुभवद्वारा, साधारण पार्टी सदस्यहरूको अनुभवद्वारा, मजदुर, किसान, अन्य जनवर्गीय संगठन र जनताको अभुनवद्वारा परिपूर्ति गर्नुपर्दछ। साथै नेतृत्वको कार्य केवल कार्यालयहरूमा बसेर निर्देशनहरू दिने मात्र नभएर समस्याहरूको सही समाधान पत्ता लगाउनु पनि हो। मार्क्सवादी नेतृत्वले केवल कार्यसम्पादन गर्न समस्याहरूको सही समाधानको उपाय पत्ता लगाउन साथै गरिएको निर्णय कामको परिणाम निरीक्षण गर्न, आम जनताको सहायता अवश्य लिनु पर्दछ।

त्यस्तै कुनै पनि चिज र घटनाहरूलाई एक पक्षबाट अर्थात माथिबाट मात्र हेर्ने र तलबाट मात्र हेर्नाले पनि उक्त विषयमा हेराई सीमित हुन पुग्दछ। तसर्थ कम्युनिष्ट पार्टीको नेतृत्वले त्यसलाई सही ढङ्गबाट दुवै प्रकारले हेर्ने गर्नुपर्दछ। तसर्थ जनतालाई सिकाउने मात्र होइन जनताबाट सिक्नु पनि पर्दछ।

त्यस्तै गरी नेतृत्वको अर्को काम कार्यकर्ताहरूको सही प्रकारले छनोट गर्नु पनि हो। कुशल नेतृत्वको काम भनेको कार्यकर्तालाई पहिलो राजनीतिक कसी अनुसार अर्थात राजनीतिक विश्वासको योग्य छ कि छैनन भन्ने आधारमा, दोस्रो व्यवहारिक कसी अनुसार अर्थात खास खास कामको लागि तिनीहरू सुहाउँदा छन् कि छैनन् भन्ने आधारमा छनौट गर्नुपर्दछ। धेरैजसो कम्युनिष्ट पार्टीमा के समस्या देखिने गरेको छ भने कार्यकर्ताको छनौट वस्तुगत कसी अनुसार गरिदैन। बरु आकस्मिक, मनोगत, संकीर्ण तथा क्षेत्रीय कसी अनुसार गरिन्छ।

धेरैजसो राजनीतिक तथा व्यवहारिक दृष्टि विन्दुबाट सुहाउँदा छन् कि छैनन् भन्ने कुरालाई वेवास्ता गरेर तथाकथित जानपहिचानवालालाई चुन्ने गरिन्छ। व्यक्तिगत मित्रता, शहरका साथीभाईहरू जसले संरक्षकको गुणगान गर्नमा खप्पिस छन् तिनीहरूको छनौट गर्ने गरिन्छ भने स्वतः जिम्मेवार कार्यकर्ताहरूको एउटा नेतृत्वदायी समूह बन्नुको साटो एउटा पारिवारिक समूह, एउटा कम्पनी अर्थात भजनमण्डली बन्न पुग्दछ। यस समूहका सदस्यहरू एकले अर्कोको चित्त नदुखाईकन आफ्ना कमजोरीहरू बाहिर नदेखाइकन एकले अर्काको प्रसंसा गरेर र समय समयमा आफ्ना सफलताबारे सराहना गरेर तथा वाक्क लाग्दा प्रतिवेदन केन्द्रमा पठाएर शान्तिपूर्वक रहन खोज्दछन्। नाता सम्बन्धको यस्तो स्थितिमा कामको कमजोरीको आलोचनाको लागि कुनै स्थान रहन जाँदैन। जसले गर्दा सिंगो पार्टीको क्रान्तिकारी स्पिटमा ब्रेक लाग्न पुग्दछ।

त्यस्तै गरी नेतृत्वको अर्को कार्य भनेको कार्यकर्ताहरूमाथि निरीक्षण गर्नु पनि हो। कार्यकर्ताहरूमाथि निरीक्षणको अर्थ उनीहरूको वाचा, कसम तथा घोषणाहरूको आधारमा होइन, बरु तिनको कामको परिणामहरूको आधारमा तिनीहरूको जाँच गर्नु हो। जिम्मेवारी परिपूर्तिको जाँच गर्नुको तात्पर्य कार्यालयमा मात्र होइन औपचारिक प्रतिवदन अनुसार मात्र होइन बरु पहिलो र प्रमुख रूपले परिपूर्तिको वास्तविक परिणाम अनुसार कार्यथलोमा तिनको जाँच गर्नु हो। यस प्रकारको निरीक्षणले मात्र कार्यकर्तालाई चिन्न, उनको गुणहरूको निर्धारण गर्न, राम्रा गुण र कमजोरीहरूको निर्धारण गर्न र कार्य गर्नका लागि उसका असल गुण र कमजोरीहरूको निर्धारण गर्न सम्भव बनाउनेछ।

नेता तथा कार्यकर्ताहरूको परीक्षण माथिबाट मात्र हुन सक्दछ जब नेताहरूले आफ्नो मुनिकाहरूको कामको परिणाको आधारमा तिनीहरूको जाँच गर्दछन् नेता तथा कार्यकर्ताहरूको परीक्षण र दायित्वको सिद्धिका लागि एउटा प्रभावकारी उपायको रूपमा माथिबाट सत्यता प्रमाणित गर्नु अवश्य पनि आवश्यक छ। तर माथिबाट गरिने परीक्षणबाट निरीक्षणको सम्पूर्ण काम पूरा हुँदैन। अर्को खालको निरीक्षण तलबाट पनि गर्नुपर्दछ। सर्वसाधारण जनताले तलका नेताको जाँच गर्दछन्, उनीहरूको गल्तीहरू औल्याई सच्चिने उपायहरू बताइदिन्छन्।

साधारण पार्टी सदस्यहरूले सकृय पार्टी सदस्यहरूलाई, भेला, महाधिवेशनमा आफ्नो नेतृत्वको प्रतिवेदन सुनेर, त्रुटिहरूको आलोचना गरेर अन्त्यमा पार्टी निकायहरूमा कुनै नेतृत्वकारी कमरेडलाई निर्वाचित गरेर वा नगरेर तिनीहरूको जाँच गर्दछन्। कम्युनिष्ट पार्टीभित्र जनवादी केन्द्रियता, निर्वाचनप्रति पार्टी निकायहरूको निशर्त आज्ञानुकुशलता, उम्मेदवार खडा गर्ने र फिर्ता लिने अधिकार गोप्य मतदान, आलोचना तथा आत्मालोचना, स्वतन्त्रता, साधारण सदस्यहरूद्वारा पार्टीका नेताहरूको निरीक्षण तथा तिनीहरूमाथि नियन्त्रण सुगम पार्नको लागि उपयुक्त सबै र उस्तै उपायहरूलाई व्यवहारमा लागू गरिनु पर्दछ। यस कार्यमा नेतृत्वले विशेष ध्यान पुर्याउनुपर्दछ।

त्यसैगरी नेतृत्वको अर्को महत्वपूर्ण कार्य के हो भने कहिलेकाहिँ पार्टी संगठन वा समिति भित्र पार्टीको राजनीतिक सवालहरूलाई अवमूल्यन गरेर केवल आर्थिक सफलताहरूमा अति तल्लिन हुने र आर्थिक सवाललाई बिर्सेर केवल राजनीतिक अभियानमा मात्र अति तल्लिन हुने नेता तथा कार्यक्रमहरूको चासो दुवै गलत हुन। यस्तो प्रकारको नियतिले अध्यारो खाडलमा पुर्याउँछ। तसर्थ कार्यकर्ताको पार्टी संगठन वा समितिलाई नेतृत्वले राजनीतिक अभिरा सँगसँगै आर्थिक अभिरा पनि पूरा गर्न तर्फ ध्यान पुर्याउनु पर्दछ।

त्यस्तै गरी स्टालिनले के भन्नुभएको छ भने 'कार्यकर्ताहरूले सबै कुराको फैसला गर्दछन्।' यो भनाईका सार के हो भने नेतृत्वले जुनसुकै क्षेत्रमा काम गर्ने साना र ठूला कार्यकर्ताहरूप्रति अत्यधिक राम्रो दृष्टिकोण दर्साउनु पर्दछ। उनीहरूलाई सहयोग चाहेको बेलामा सहयोग गर्नुपर्दछ। कार्यकर्ताले पहिलो सफलता हासिल गरेको बेलामा प्रोत्साहन गर्नुपर्दछ। तर कतिपय नेतृत्वमा के समस्या रहन्छ भने कार्यकर्ताप्रति हृदयहिन, नोकरशाही, निन्दात्मक दृष्टिकोण लिने गरेको पनि देखिन्छ। वास्तवमा यसले कार्यकर्ताहरूलाई उचित ढंगले पदासिन होइन केवल बुद्धिचालको चाल झै चाल्ने गरिन्छन्। त्यसैले असल नेतृत्वले कुनै खास अवधिमा कति कार्यकर्ता संगठित र प्रशिक्षित गरेको छ। उसलाई कति उत्साह भरेको छ, कार्यकर्ताको कदर कति गरेको छ भनि माथिल्लो नेतृत्व र स्वयम् पार्टी पंक्तिले मूल्यांकन गर्नुपर्दछ।

कार्यकर्ता विना नेता तथा पार्टी संगठनको नीति तथा कार्यक्रम जनताको माझमा न त पुग्दछ न त संघर्षका कामहरू अगाडि बढ्दछन् न त आन्दोलनले सफलता प्राप्त गर्दछ। न त क्रान्ति सम्पन्न हुन्छ। तसर्थ क्रान्तिपछि पनि कार्यकर्ता मूल्यवान छन्। क्रान्तिको उपलब्धीको रक्षा र विस्तार गरी समाजवादी व्यवस्था टिकाई राख्ने अजय शक्ति हुन्। त्यस्तै गरी कार्यकर्ताहरूको छनौट, बढुवा र बाँडफाँड गर्ने कला पनि नेतृत्वका काम हो।

घोषणाको रूपमा होइन बरु व्यवहारमा कार्यान्वयन गर्नको लागि एउटा सही राजनीतिक कार्यदिशा चाहिएको हो। तर सही राजनीतिक कार्यदिशालाई कार्यान्वयन गर्नको लागि नेतृत्वसित कार्यकर्ता हुनुपर्दछ। यस्ता मानिसहरू हुनुपर्दछ। जो पार्टीको राजनीतिक कार्यदिशालाई बुझ्छन्, जो त्यसलाई कार्यान्वयन गर्न तत्पर रहन्छन्, जो त्यसलाई व्यवहारमा उतार्न समर्थ हुन्छन् र त्यसको लागि जवाफदेही बन्न सक्छन्। त्यसको रक्षा गर्न त्यसको लागि लड्न सक्छन्। यसो गर्न नसक्ने कार्यकर्ताहरू नाम मात्रका हुन पुग्छन् र यस्ता कार्यकर्ता भएको पार्टीको कार्यदिशा पनि नाम मात्रको हुन पुग्दछ।

त्यसैले नेतृत्वको काम कार्यकर्ताहरूको सही छनोट, कार्यकर्ताहरूको प्रतिक्षा, नयाँ मानिसहरूका बढुवा, कार्यकर्ताहरूको सही बाँडफाँड र पूरा भएका काम छोडेर कार्यकर्ताहरूको परीक्षण गर्ने सवाल पैदा हुन्छ। त्यसैले स्टालिनले भन्नुभएको छ 'कार्यकर्ताको सही छनौट भन्नाले नेतृत्वको वरिपरि थुप्रै सहयोगी तथा तल्ला कार्यकर्ताहरूको जमघट गर्नु, कार्यालय स्थापना गर्नु र एक पछि अर्को आदेश निकाल्नु अर्थात् कुनै तर्क वा कारण विना दर्जनौं तथा सयौं कार्यकर्ताहरूलाई एउटा कामबाट अर्को काममा सरुवा गर्दै र अनन्त पुनःगठन गर्दै आफ्नो शक्तिको दुरूपयोग गर्नु पनि होइन।

बरु पहिलो काम कार्यकर्ताहरूको कदर गर्नु मूल्यवान ठानी तिनको जतन गर्नु, तिनीहरूको सम्मान गर्नु, दोस्रो कार्यकर्ताहरूलाई राम्ररी चिन्न, तिनका व्यक्तिक गुण र त्रुटिहरूको अध्ययन गर्नु, कुन पदमा रहँदा खास कार्यकर्ताको क्षमताको विकास हुन अत्यधिक सम्भव छ भन्ने कुरा जान्नु। तेस्रो सावधानिपूर्वक कार्यकर्ताहरूलाई हुर्काउनु, प्रत्येक होनहार *बाँकी ७ पेजमा*

प्रदेश १ मा क्रान्तिकारी माओवादीको तीनदिने स्कुलिङ तथा प्रशिक्षण कार्यक्रम सम्पन्न

मधुकर थापा

उदयपुर । नेकपा (क्रान्तिकारि माओवादी) १ नम्बर प्रदेश समितिले संचालन गरेको तीनदिने प्रदेश स्तरीय स्कुलिङ तथा प्रशिक्षण कार्यक्रमको बिहीबार उदयपुरको लालपत्तामा समापन गरिएको छ ।

समापन कार्यक्रमका प्रमुख अतिथि तथा स्कुलिङ विभागका अध्यक्ष परि थापाले स्कुलिङबाट सिकेका ज्ञानलाई वर्गसंघर्ष र संगठन निर्माणमा जोडेर लैजानु पर्ने बताउनुभयो । उहाँले आगामी दिनमा तल्ला कमिटिसम्म यस्ता स्कुलिङ कार्यक्रमहरू संचालन गर्नुपर्ने बताउनु भयो ।

पार्टीका केस तथा प्रदेश १ का सेक्रेटरी सिताराम बुढाथोकी उदयको अध्यक्षतामा

सम्पन्न कार्यक्रममा पिबिएम सिताराम तामाङ, पार्टी केस तथा स्कुलिङ विभागका सचिव हस्तबहादुर केसी, पीवीएम कमल चौधरी र पीवीएम तथा अनेकि महासंघ(क्रान्तिकारी)का महासचिव धनेश्वर पोखरेलको आतिथ्यता रहेको थियो ।

उक्त कार्यक्रममा केन्द्रिय सदस्य डिल्ली राम बोहोरा र बिमलले पनि आआफ्नो धारणा राख्नु भएको थियो भने सबै जिल्लाबाट सेक्रेटरी र प्रतिनिधिहरूले अनुभूति मन्तव्य राख्नु भएको थियो ।कार्यक्रममा सहभागीहरूलाई प्रमाण पत्र पनि बितरण गरिएको थियो ।

२० गतेदेखि संचालन भएको उक्त स्कुलिङ कार्यक्रममा मार्क्सवादीका तीन संघटक अंगहरू दर्शन, राजनैतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका समग्र बिषयहरूमा प्रशिक्षण दिइएको थियो ।

दर्शनमा हस्तबहादुर केसीले मार्क्सवादी दर्शन अन्तर्गत मार्क्सवादीको इतिहास, मार्क्सवादी द्वन्दवाद, द्वन्दवादका नियमहरू, अन्तरविरोधका बिषय र मार्क्सवादी ज्ञान सिद्धांत र ऐतिहासिक भौतिकवाद, साम्राज्यवाद र सर्बहरा क्रान्तिको युगमा दर्शन तथा मार्क्सवादका ऐतिहासिक कार्यभारबारे स्कुलिङ गर्नु भएको थियो ।

त्यसैगरी परि थापाले बैज्ञानिक समाजवाद अन्तर्गत द्वन्दवादका प्रबर्गहरू र ऐतिहासिक भौतिक अन्तरगत समाज चेतनाका रूपहरू र बैज्ञानिक समाजबाद अन्तरगत पार्टी र पार्टी अनुशासन पद्धतिबारे स्कुलिङ गर्नु भएको थियो । सिताराम तामाङले भने राजनीतिक अर्थशास्त्र र मार्क्सवादी अर्थशास्त्रका बिषयमा र कमल चौधरीले ऐतिहासिक भौतिकवाद अन्तर्गत मानव समाजको बिकासको बारेमा र जातिको बिकासको बारेमा स्कुलिङ गर्नु भएको थियो ।

अनेकि महासंघ (क्रान्तिकारी)को प्रदेश १ संयोजकमा लोमनाथ भण्डारी

उदयपुर । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)को १ नम्बर प्रदेशको प्रथम भेला उदयपुरको लालपत्तामा सम्पन्न भएको छ ।

बिमलको अध्यक्षतामा भएको उक्त भेलाको प्रमुख अतिथी संगठनका केन्द्रिय अध्यक्ष सिताराम तामाङ हुनुहुन्थ्यो भने बिशेष अतिथिमा महासचिव धनेसश्वर पोखेल हुनुहुन्थ्यो ।

उक्त भेलाले लोमनाथ भण्डारीको संयोजकत्वमा ११सदस्यीय प्रदेश समितिको चयन गरेको छ । जसको सदस्यहरूमा क्रमशः कृष्ण ढकाल-मोरङ, खोज बहादुर -धनकुटा, हरि प्रसाद दहाल-झापा, राजु दहाल-मोरङ, टीका ब.तामाङ-उदयपुर ,लब ब.बिक-उदयपुर र बिबि राई -इलाम रहेका छन् । बाँकी तीन सदस्य पछिको निर्णयबाट थपिने जनाइएको छ ।

उक्त भेलामा प्रदेशका पार्टी सेक्रेटरी सिताराम बुढाथोकीको पनि बिशेष उपस्थिति रहेको थियो ।

बिहीबार भएको क्रान्तिकारी किसानहरूको भेलाले आगामी माघ २० गते देखि प्रदेशका सबै जिल्लामा संगठन निर्माण अभियानमा जुट्ने निर्णय गरेको महासचिव धनेस्वर पोखरेलले जानकारी दिनुभयो ।

ललिता निवास जग्गा घोटाला प्रकरण : भूमाफियादेखि जग्गा किनबेच गर्ने सबै विरूद्ध मुद्दाको तयारी

काठमाडौं । सीआईबीले ललिता निवास जग्गा घोटला प्रकरणमा ३ सयभन्दा बढी व्यक्तिविरुद्ध मुद्दाको अन्तिम तयारी गरेको छ । सीआईबीले हाल सरकारी कागजात किर्ते प्रकरणमा अनुसन्धान गरिरहेको छ । त्यसका लागि उनीहरूले २०२३ सालदेखिको कागजातको अध्ययन, कुन कुन मितिमा कुन कुन निर्णयका आधारमा कहाँ कहाँ कसरी गडबड भयो भनेर अनुसन्धान गरिरहेको छ । जग्गा फिर्ता ल्याउने प्रयोजनका लागि हाल जग्गाधनीमा नाम नभएका तर बीचमा जग्गाको किनबेच गर्ने सबै व्यक्तिविरुद्ध पनि मुद्दा लैजाने तयारी भइरहेको स्रोतले जानकारी दिएको छ । यो प्रकरणमा यसअघि नै अख्तियारले मुद्दा दर्ता गरिसकेका व्यक्तिहरू पनि पर्ने सीआईबी स्रोतको दाबी छ । सीआईबीको अनुसन्धानका क्रममा खुलेका तथ्य र प्रमाणका आधारमा सरकारी कर्मचारी, गुठी संस्थानका कर्मचारी र प्रतिनिधि, मोही बनाइएका व्यक्तिहरू, नक्कली मोहीहरू, राणा परिवार, भूमाफिया, जग्गा किनबेचमा संलग्न व्यक्तिहरू, हालका जग्गाधनी आदि सबैलाई विपक्षी बनाएर मुद्दा दर्ता गर्न लागिएको हो ।

सीआईबी स्रोतका अनुसार पक्राउ पूर्जी जारी भइसकेका अधिकांश व्यक्ति फरार छन् । उनीहरूमध्ये अधिकांश नेपालमै लुकेर बसेका छन् । त्यस्तै केही व्यक्तिहरू भारत, थाइल्याण्ड लगायतका देशमा बसेका सूचना सीआईबीले पाएको छ । पक्राउ पुर्जी जारी भएकाहरूलाई समयमै पक्राउ गर्न नसके फरारको सूचीमा राखेर मुद्दा चलाउने सीआईबीको तयारी छ । त्यसका लागि सीआईबीले रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंमा बुझाउने तयारी गरिरहेको छ । सरकारी वकिलको कार्यालयले पनि पुस २७ गतेभित्रै ललिता निवास प्रकरणको मुद्दा जिल्ला अदालतमा दर्ता गरिसक्नु पर्ने छ । त्यसकारण सीआईबीले पुष २२ गते साँझसम्ममा रायसहितको प्रतिवेदन सरकारी वकिल कार्यालयलाई बुझाउने तयारी छ ।

सीआईबीले पछिल्लो समय मुख्य विचौलियामध्येका एक रामकुमार सुवेदी र उनकी पत्नी माधवी सुवेदीलाई पक्राउ गरेको थियो । पुस ५ गते पक्राउ परेका उनीहरूलाई पुस ६ गते, पुस १० गते र पुस १६ गते तेस्रोपटक ७ दिनको म्याद लिएर अनुसन्धान गरिरहेको छ । सुवेदीकै बयानका आधारमा केही सरकारी कर्मचारीको मिलेमतो वा लेनदेनको विषय पनि बाहिर आउने अपेक्षा गरिएको छ । यसअघि पक्राउ परेका अर्का मुख्य अभियुक्त शोभाकान्त ढकाल अख्तियारको मुद्दाको आधारमा पुर्पक्षका लागि थुनामै रहेका छन् भने आर्थिक व्यवस्थापन गरेको आरोप लागेका मीन बहादुर गुरुङ भने हालसम्म पनि फरार नै रहेका छन् ।

३ वर्ष लगाएर सीआईबीले गरेको अनुसन्धानमा २०२२ सालमै मुआब्जा दिएर अधिग्रहण गरिएको १४३ रोपनी जग्गा घोटाला भएको निष्कर्ष छ । जसमध्ये सबैजसो जग्गा व्यक्ति र गुठीको नाममा तथा केही जग्गा बाटोमा पारिएको उल्लेख छ ।

सीआईबीले बुधबारसम्म ३ सयभन्दा बढीमाथि पक्राउ पुर्जी लिएको छ । जग्गा घोटाला प्रकरणमा सरकारी कागजात किर्ते प्रकरणमा मुछिएका ३ सय जनाभन्दा बढीमाथि काठमाडौं जिल्ला अदालतले पक्राउ पुर्जी जारी गरेको हो ।

बालुवाटारस्थित ललिता निवास रहेको सरकारी जग्गा जफत फिर्ताको नाममा व्यक्तिको नाममा नामसारी गरेर १३७ रोपनीभन्दा बढी जग्गा गायब पारिएको सम्बन्धमा यसअघि नै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले १७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिसकेको थियो । अख्तियारले दोषीलाई कारबाही गर्दै जग्गा जफत गरी सरकारको नाममा ल्याउने प्रयोजनका लागि उक्त मुद्दा दायर गरेको थियो ।

विशेष अदालतमा उक्त मुद्दा चलिरहँदा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले पनि ललिता निवास प्रकरणसँग जोडिएर करिब ३ सय जनाभन्दा बढीमाथि अनुसन्धान गरिरहेको छ । २०२३ सालदेखि सरकारी जग्गामा भएको गडबड र घोटालाको फेहरिस्त खोज्दै ललिता निवास प्रकरणमा जोडिएका ३ सय जनाभन्दा बढीमाथि अनुसन्धान गरेको थियो । सोही अनुसन्धानका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेकाबाहेक पनि अन्य व्यक्तिहरूलाई सरकारी कागजात किर्ते प्रकरणमा मुद्दा दायर गर्ने तयारी गरेको हो ।

काठमाडौँ जिल्ला अदालत स्रोतका अनुसार सीआईबीले हाल पक्राउ पुर्जी लिएका व्यक्तिहरूमा ७ जना सरकारी संयन्त्रमा रहेर काम गरिसकेका भीआईपी तथा तीनजना व्यापारिक घरानाका भीआईपीहरू समेत रहेका छन् । जिल्ला अदालत स्रोतका अनुसार पक्राउ पुर्जी दिइएकाहरूमा नेपाली काँग्रेसका नेता तथा पूर्व उपप्रधानमन्त्री विजयकुमार गच्छदार, अन्य पूर्व मन्त्रीहरू चन्द्रदेव जोशी, डम्बर श्रेष्ठ र छविराज पन्त रहेका छन् । त्यसै गरी अख्तियारका पूर्व प्रमुख आयुक्त दीप बस्न्यात र पूर्व सचिव दिनेशहरि अधिकारीमाथि पनि पक्राउ पुर्जी जारी भएको अदालत स्रोतले जनाएको छ ।

त्यसै गरी ललिता निवास जग्गा प्रकरणका प्रमुख आरोपी मीन बहादुर गुरुङ, सुधीरकुमार शाह, आफ्नो जग्गा हो भन्दै दाबी गर्ने व्यापारीहरू श्रवणकुमार गोयल र कैलाश चन्द्र गोयलमाथि पनि पक्राउ पुर्जी जारी भएको छ । गोयल दाजुभाइ डीएल डेभलपर्सका मालिकहरू हुन् । डेभलपर्सको नाममा ललिता निवासभित्र करिब १६ रोपनी जग्गा रहेको छ ।

यसअघि आफ्नो पदको दुरूपयोग गरेर लाभ लिने वा लाभ नलिए पनि पदको दुरूपयोग गर्ने सरकारी कर्मचारी, सरकारी जग्गा व्यक्तिको नाममा बनाउन भूमिका खेल्ने तीनजना मुख्य अभियुक्त र जग्गा जफत प्रयोजनका लागि हालका जग्गाधनी समेतलाई विपक्षी बनाएर अख्तियारले भ्रष्टाचारको मुद्दा दायर गरेको थियो । तर अख्तियारले दायर गरेको मुद्दासँगै सीआईबीले सरकारी कागजात किर्ते प्रकरणमा अनुसन्धान गरिरहेको थियो । सोही मुद्दामा सीआईबीले ३ सय जनाभन्दा बढीविरुद्ध मुद्दा लिएर जान लागेको हो ।

२०२३ सालदेखिकै ललिता निवास प्रकरणमा जोडिएका व्यक्ति, तिनका आफन्त, जग्गाको किनबेचमा जोडिएका बीचका व्यक्तिहरू सबैलाई पक्राउ पुर्जी जारी गरी मुद्दा लैजान लागिएको हो । त्यसका लागि सम्भव भए तत्काल पक्राउ गरेर बुझाउने, सम्भव नभए पक्राउ पुर्जी लिएर फरार प्रतिवादीका रूपमा मुद्दा बुझाउने सीआईबीको तयारी छ । त्यसैका लागि सीआईबीले बुधबारसम्म ३ सयभन्दा बढीमाथि पक्राउ पुर्जी लिइसकेको छ ।

घोटालाको नालीबेली

हाल प्रधानमन्त्री निवास, प्रधानन्यायाधीश निवास, सभामुख निवास, मुख्यसचिव निवास आदि रहेको बालुवाटारमा सरकारको करिब ३ सय रोपनी जति जग्गा थियो । राणा शासनको अन्त्यसँगै सरकारी कार्यालय एकीकृत गर्ने, भीभीआइपीहरूको सरकारी निवासलाई एकीकृत गर्ने भन्दै बालुवाटारको जग्गा सरकारले अधिग्रहण गरेको थियो । तत्कालीन समयमा राज्यले राणाहरूको चारवटा दरबार नै अधिग्रहण (रकम तिरेर किनिएको) थियो । दरबारसँगै हाल एनआरएनको भवन रहेको स्थान नजिकै रहेको खेत पनि सरकारले आफू मातहत ल्याएको थियो । अहिले राष्ट्र बैङ्क रहेको भवन, तत्कालीन समयमा ललिता निवासमा रहेको दरबार लगायत ४ वटा दरबार र ती दरबारले चर्चेको जग्गा तत्कालीन सरकारले अधिग्रहण गरेको थियो ।

ती जग्गाहरू अधिग्रहण गरेपछि केही समय त्यसै खाली रहेको थियो । दरबार कुनै प्रयोजनमा ल्याए पनि बाँकी रहेका खेतहरू बाँझो नै भएपछि केही व्यक्तिहरूले दरबारमा निवेदन हाल्दै मोही नलाग्ने गरी जोतपोत गर्न पाउँ भन्दै निवेदन दिएका थिए ।

सरकारी जग्गामा मोही वा जोताहा पनि नलाग्ने र गुठीमा पनि नजाने कानुनी व्यवस्था भएकै कारण निवेदन दिनेहरूलाई लिखितरूपमा मोही नलाग्ने भन्दै जोताहाका रूपमा ती जग्गाहरू उब्जनी गर्ने प्रयोजनका लागि मात्रै दिइएको थियो । सोही समयमा जसको जग्गा अधिग्रहण भएको थियो, ती व्यक्तिले निवेदन दिएर आफूलाई जग्गा नपुगेको कारण पाएको पाएको मुआब्जा फिर्ता गर्ने तर उक्त जग्गा आफ्नो नाममा ल्याइदिन आग्रह गरे । तत्कालीन राजदरबारसँग नजिक रहेका ती व्यक्तिको निवेदन बमोजिम राजदरबारले ती राणा परिवारका सदस्यलाई निजको अधिग्रहणमा परेको जग्गामध्ये ८ रोपनी जग्गा बुझेको मुआब्जा फिर्ता गरेर जग्गा दिने गरी लालमोहर लगाइदियो । त्यसपछि ती व्यक्तिले उक्त जग्गा फिर्ता पाए । बाँकी जग्गा भने कुनै त्यसै बाँझो नै थियो भने कुनै जग्गा मोही नलाग्ने गरी केही व्यक्तिहरूले जोतपोत गरिरहेका थिए ।

सुरुवाती चरणमा २०४९ सालमा गृह मन्त्रालयको अनुसन्धान र प्रतिवेदन बिनै मालपोत कार्यालयले ११२ रोपनी जग्गा व्यक्तिको नाममा गरिदिएको छ । उक्त समयमा छुटेको १२ आना जग्गा पनि २०६२ सालमा राणापरिवारकै एक सदस्यको नाममा हालसाबिक गरी दर्ता गरिएको छ ।

जब २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापना भयो, प्रधानमन्त्रीका रूपमा कृष्णप्रसाद भट्टराई बालुवाटार छिरे । तत्कालीन समयमा तत्कालीन राज्यविरुद्ध (पञ्चायतविरुद्ध) लागेको भन्दै तत्कालीन राज्यले धेरै आन्दोलनकर्मी, अधिकारवादी र काँग्रेस नेताहरूको घरजग्गा जफत गरेको थियो । तर त्यो जायज हुन नसक्ने भन्दै तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले हदबन्दीभन्दा बढी भएर जफत भएकोबाहेक राज्यविरुद्ध लागेको भन्दै जफत गरिएका सबै जग्गा फिर्ता दिने निर्णय गराए । उक्त निर्णय सकारात्मक सोचका साथ नै गरिएको थियो । तर मन्त्रिपरिषद्बाट निर्णय हुँदा गृह मन्त्रालयले अनुसन्धान गरी फिर्ता दिने निर्णय गरिएको थियो र त्यसका लागि अनुसन्धानको निष्कर्ष, प्रतिवेदनसहित मालपोत कार्यालयमा पठाउनुपर्ने थियो ।

तर मन्त्रिपरिषद्को सोही सैद्धान्तिक निर्णयको अपव्याख्या गर्दै २०४९ सालमा राणा परिवारले आफूहरूको जग्गा सरकारले जफत गरेको तथा आफूहरू मोही रहेको भन्दै दोहोरो निवेदन दिएर ललिता निवासको जग्गा प्राप्तिका लागि लागिपरे । सोही क्रममा २०४९ सालमा राणा परिवारले ११२ रोपनी जग्गा आफ्नो नाममा बनाउन सफल भए ।

तर जब सरकारी जग्गा राणा परिवारले आफ्नो नाममा ल्याएको जोताहाहरूले थाहा पाए, तब उनीहरूले पनि मोहीको हक लाग्ने भन्दै निवेदन दिए र प्रमाण पेस गरे । सो क्रममा कतिपय नक्कली मोही खडा गरियो भने कतिपय सक्कली मोही वा उनीहरूका सन्तान नै थिए । त्यसपछि ती जग्गा राणा परिवार, मोही र जग्गाको व्यवस्थापन गर्ने केही भूमाफियाहरूको कब्जामा पुग्यो ।

ललिता निवासको १३७ रोपनीभन्दा बढी जग्गा व्यक्तिको नाममा ल्याउने क्रममा ४ पटक घोटाला भएको सीआईबीको दाबी छ । २०२३ सालको मुआब्जा फिर्ता गरी जग्गा फिर्ता लिएको कुरालाई छाड्ने हो भने पनि, २०४९ साल, २०६२ साल, २०६७ साल र २०६९ सालमा उक्त जग्गामा घोटाला भएको छ ।

सुरुवाती चरणमा २०४९ सालमा गृह मन्त्रालयको अनुसन्धान र प्रतिवेदन बिनै मालपोत कार्यालयले ११२ रोपनी जग्गा व्यक्तिको नाममा गरिदिएको छ । उक्त समयमा छुटेको १२ आना जग्गा पनि २०६२ सालमा राणापरिवारकै एक सदस्यको नाममा हालसाबिक गरी दर्ता गरिएको छ ।

त्यसपछि जब प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख आदिको निवास बिस्तारको योजना बन्यो, त्यति बेला पनि अन्य थप नक्कली मोही खडा गरेर सरकारी जग्गा किर्ते गरिएको छ । ती जग्गाहरूमा जोतपोत गरिरहेका केही र जोतपोत नै नगरिएका केही व्यक्तिलाई खडा गरी भूमिसुधार मन्त्रालयमार्फत् प्रस्ताव लगेर मन्त्रिपरिषद् बैठकबाट निर्णय गरेर मोहीलाई दिने निर्णय गरियो । २०६६ साल चैत २९ गतेको मन्त्रिपरिषद्को निर्णयको आधारमा मालपोत कार्यालयले २०६७ मङ्सिर १६, पुस १२ र चैत १४ गतेको निर्णयबाट १९ रोपनी १५ जग्गा मोहीको नाममा विभिन्न व्यक्तिको नाममा नामसारी गरिएको थियो ।

बालुवाटारको पर्खालबाहिर अझै केही जग्गा बाँकी थियो । उक्त जग्गा पनि हत्याउन भूमाफियाले विभिन्न स्थानमा निवेदन दिएर गुठीको नाममा कायम गराउन सफल भए । गुठीमा दर्ता हुनै नसक्ने समरजंग कम्पनीको नाममा रहेको सरकारी जग्गा हत्याउन भूमाफियाहरूले नक्कली गुठियार खडा गरी सुरुमा पशुपति टिकिन्छा गुठीको नाममा उक्त जग्गा ल्याएका थिए । उक्त जग्गा गुठीको नाममा दर्ता गराउन २०६९ असोज १८ गते मन्त्रिपरिषद्को बैठकले सैद्धान्तिक स्वीकृतिसमेत दिएको थियो ।

यसरी चार चरणमा निर्णय गरेर बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा पहिले नै मुआब्जा बुझिसकेका राणा परिवार, भूमाफिया र जोताहाको डिजाइनमा व्यक्तिको नाममा नामसारी गरी कैयनपटक किनबेच समेत भइसकेको थियो । तर जब उक्त घोटालाको विषय बाहिर आयो, सरकारले निर्णय नै गरेर केन्द्रीय अनुसन्धान ब्युरोलाई छानबिनका लागि जिम्मा दियो र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पनि छानबिन गरी मुद्दा दर्ता गरायो ।

महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जमा अखिल (क्रान्तिकारी)द्वारा संगठन विस्तार

प्रदेशब्यापी बन्दैछ क्रान्तिकारीको संगठन

❑ **सल्मोन कार्की**

नेपालगन्ज । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) ले संगठन निर्माणको अभियानलाई तीव्र गतिका साथ अगाडि बढाएको छ । बिहीवार महेन्द्र बहुमुखी क्याम्पस अन्तर्गत बिबिएसमा अध्यनरत विद्यार्थीहरूको भेलाद्वारा सम्झना खत्रीको अध्यक्षतामा ९ सदस्यीय कमिटी चयन भएको छ । जस्मा उपाध्यक्ष समशेर खत्री सचिव आसिश ठाकुर सहसचिव अबिस सिद्धिकी; कोषाध्यक्ष अमन बैध्य र सदस्यहरूमा सत्यम बैध्य ; करिस्मा कुवंर र टोपेन्द्र न्यौपाने रहनु भएको छ ।

कार्यक्रममा अखिल (क्रान्तिकारी) का प्रदेश सदस्य मनोज थापा, नेकपा (क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटरी सुरेश वलीको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रममा अखिल (क्रान्तिकारी) प्रदेश सदस्य थापाले अतिक्रमित नेपाली भुमि फिर्ता, एमसीसी खारेजी, शिक्षा-स्वास्थ्य क्षेत्रका विकृति विसंगती, महंगी, भ्रष्टाचार लगायतका विषयलाई लिएर संगठन निरन्तर संघर्षको मैदानमा रहेको चर्चा गर्दै आम सचेत युवा विध्यार्थीहरू अब चुप लागेर बस्न नहुने बताउनु भयो ।

नेपालको शिक्षा क्षेत्रमा मौलाएको नीजिकरण, ब्यापारिकरण, माफियाकरण, दलालीकरण, भ्रष्टीकरण, जनताको मौलिक हकका विरुद्ध हुने सबै खाले प्रतिक्रियाहरूको विरुद्ध तथा नेपाली विद्यार्थी आन्दोलन र समग्र राजनैतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक परिवर्तनका खातीर सडकबाट नै अखिल (क्रान्तिकारी)ले भुमिका खेलिरहेको विद्यार्थी नेता थापाले चर्चा गर्नुभयो ।

उक्त कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का जिल्ला सेक्रेटरी सुरेश वलिले वर्तमान समयमा दलाल पुँजीवादी संसदीय पार्टीहरू उनीहरूको विद्यार्थी संगठन यथास्थिति, प्रतिगमन र प्रतिक्रान्तिको गलत मार्गमा लिप्त भएपछि नेपाली समाजमा रहेका विद्यमान विकृति विसंगति, जनताको जनतन्त्र र जनजिविकालाई प्रभावित पार्ने सरकारी तथा गैरसरकारी कदमका विरुद्ध अखिल (क्रान्तिकारी) लडिरहेको बताउनुभएको थियो ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर	गाईघाट सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३	फोन नं. – ०३५-४२१६४३
– ९८१७७१९६९७	पुरुषोत्तम खनाल – ९८५२८३५६९०
ईन्द्र कट्टेल – ९८१८४१५२९०	– ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

एंगेल्सको 'परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति' पुस्तकभित्र के छ ?

जमिला/मार्क्सवाद र मार्क्सवादी साहित्य अध्ययन र मनन यो युगमा अझ बढी आवश्यक अनुभव हुँदैछ। शोषण, अन्याय र दमनको साम्राज्यसँग जित्ने उपाय र मार्गचित्र मार्क्सवादले नै मात्र दिन सक्ने विश्वास अझ बलियो हुँदैछ। मार्क्सवादी साहित्य अध्ययनको सूचीमा फ्रेडरिक एंगेल्सको एउटा अमर कृति 'परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति' पनि पर्दछ। मार्क्सवादको एउटा पृष्ठभूमि मानिने यस पुस्तकले मार्क्सवादको वैज्ञानिकता, व्यवहारिकता खुलाउँछ।

मानव समाजको प्रादुर्भावसँगै सुरु हुने मानिसको सामाजिक, आर्थिक र उत्पादन सम्बन्धलाई पुस्तकमा असाध्यै मिहिन ढङ्गले केलाइएको छ। मानव समाजको विकासक्रमको इतिहासदेखि यो शताब्दीसम्म समाजलाई भौतिकवादी अझ भनौं द्वन्द्वात्मक भौतिकवादी आँखाले विश्लेषण गरिएको छ। शोषण के हो ? मानवसमाज सँगसँगै शोषणका रूपहरू कसरी बदलिए ? परिवारको उत्पत्ति कहाँ कसरी भयो ? निजी स्वामित्वले शोषणलाई किन बढाउँछ ? राज्यसत्ता किन निर्मम हुन्छ ? भन्ने यावत प्रश्नहरूको गहिरो विश्लेषणात्मक तथ्यमा आधारित र ऐतिहासिक पृष्ठभूमिमा आधारित जवाफ पुस्तकमा भेटिन्छ। पुस्तकले इतिहासको भौतिकवादी धारणा प्रस्तुत गर्छ।

यो पुस्तक एंगेल्सले सन् १८८४ मईको अन्त्यमा तयार पार्नुभयो। मार्क्सका पाण्डुलिपीहरूको अध्ययन गर्ने क्रममा एंगेल्सले अमेरिकी वैज्ञानिक लुइस हेनरी मोर्गनको 'प्राचीन समाज' पुस्तकसम्बन्धी विस्तृत टिप्पणीहरूको सङ्कलन फेला पार्नुभयो। ती टिप्पणीहरू मार्क्सले सन् १८८०-१८८१ मा तयार पार्नुभएको जानकारी पुस्तकमा छ। मोर्गनले आफ्नो पुस्तकमा प्रस्तुत गरेको निष्कर्ष र मार्क्सका टिप्पणीहरूलाई एकै ठाउँमा राखी थप अध्ययन र विश्लेषणको आवश्यकताबोध गरी यो कृति तयार पार्नुभयो।

मार्क्सले प्रकाशन गर्न चाहनुभएको तर सम्भव नभएको यस कृतिलाई एंगेल्स मार्क्सको 'अन्तिम अभिलाषाको पूर्ति' भन्नुहुन्छ। पुस्तक लेख्ने क्रममा एंगेल्स युनान र रोम, प्राचीन आयरल्यान्ड र प्राचीन जर्मनीबारे आफूले गरेको अनुसन्धानमा जुट्नुभएको प्रसङ्गले पुस्तकको वस्तुनिष्ठता र वैज्ञानिकता झल्काउँछ।

यस कृति पहिलोपटक सन् १८८४ मा जर्मन भाषामा, सन् १८८५ मा इटालियाली, सन् १८८६ मा रुमेनियाली, सन् १८८८ मा डेनिस र सन् १९०२ मा मात्र अङ्ग्रेजी भाषामा प्रकाशन गरियो। संस्कृतिका प्रागैतिहासिक चरणहरू शीर्षकमा जङ्गली युग, बर्बर युग र सभ्य युगका मानव जातिले गरेको विकासको चित्र प्रस्तुत छ। जङ्गली युगमा मुख्यतयाः प्रकृतिमा पाइने वस्तुहरू जस्ताको तस्तै प्रयोग हुन्थे। बर्बर युगमा आइपुग्दा पशुपालन र खेतीपातीको थालनी अवधि सुरु भयो। त्यो कालमा मानव क्रियाशिलताको उपलब्धिका रूपमा उत्पादनको वृद्धि गर्ने नयाँ तरिकाहरू सिकाइयो र अभ्यासमा ल्याइयो।



सभ्य युगमा पुग्दा प्राकृतिक वस्तुहरूको अरू बढी प्रशोधन गर्ने कलामा दक्षता प्राप्तिको अवधि सुरु भयो। सभ्ययुग वास्तवमै उद्योग तथा कलाको विकासको अवधि बन्यो भन्ने ऐतिहासिक अध्ययन र यथार्थ विश्लेषण पुस्तकमा छ। जङ्गली युगदेखि सभ्य युगसम्म आइपुग्दा परिवारको जन्म, विकासबारे एंगेल्सले ऐतिहासिक पृष्ठभूमिका आधारमा अत्यन्त गहन अनुसन्धानपछि केस्रा-केस्रा केलाउनुभएको छ।

पुस्तकमा मानिसको जाति, यौन-जीवन, विवाहबारे युग सापेक्ष विचार र विश्लेषण प्रस्तुत छ। हाडनाताको सम्बन्धमा आधारित परिवार, पुना लुआ परिवार, युगल परिवार, एकनिष्ठ परिवारबारे विस्तृत र गहिरो अध्ययन पस्कँदै पुस्तकले युग परिवर्तनका चरणहरू अवगत गराउँछ। आदिम समाज हुँदै मातृसत्तात्मक समाजबाट पितृसत्तात्मक समाजमा पदार्पण पछाडि युगल विवाहदेखि एकनिष्ठ विवाहसम्मको उत्पादन सम्बन्ध र श्रमविभाजनले भूमिका खेलेको देखिन्छ। जङ्गली युगमा समूह विवाह, बर्बर युगमा युगल र सभ्य युगमा एकनिष्ठ विवाह प्रचलित भयो।

एंगेल्सले बुर्जुवा परिवारको कडा आलोचना गर्नुभयो। निजी स्वामित्वको प्रभुत्व कायम रहेको अवस्थामा हुने नारीहरूको असमान स्थितिका आर्थिक कारण प्रस्ट्याउनुभयो। नारी पनि किनबेचको सामग्री जस्तै बनाइने समाज चिनाउनुभयो। विवाह सम्बन्धको यो रूप पुँजीवादी उत्पादन सम्बन्धका लागि सबैभन्दा अनुकूल प्रणाली हो। सबै कुरालाई वस्तुमा परिणत गरेर, सम्पत्ति र नाफा नोक्सानसँग दाँजेर पुँजीवादी उत्पादन सम्बन्धले परापूर्वकालदेखि संरक्षित रहँदै आएका सबै प्राचीन सम्बन्धलाई नष्ट गरिदियो।

परम्परागत रीति-रिवाज तथा ऐतिहासिक अधिकारको स्थानमा क्रयविक्रय र स्वतन्त्र सम्झौताको स्थापना गरिदियो। पुस्तकमा लेखिएको छ - 'पुँजीवादी धारणाअनुसार विवाह एक सम्झौता हो र अझ त्यसमाथि सबभन्दा महत्वपूर्ण कानुनी लेनदेन पनि हो' यस धारणाले महिला पहिलेभन्दा बढी शोषणमा परेको तथ्य प्रस्तुत गर्छ।

पुँजीवादी उत्पादन प्रणालीको उन्मूलन भएपछि मात्र महिलाले वास्तविक स्वतन्त्रता प्राप्त गर्नसक्ने एंगेल्स प्रस्ट पार्नुहुन्छ। उहाँ जोड दिनुहुन्छ- 'समाजवादी समाजमा मात्रै जहाँ सामाजिक उत्पादनमा महिलाको सहभागिता रहन्छ, सामाजिक जीवनमा समस्त क्षेत्रमा महिला र पुरुषका बीचमा पूर्ण समानता हुन्छ, महिला घरधन्दाको बोझबाट मुक्त हुन्छन् र त्यो बोझ बढ्दो मात्रामा समाजले बोक्दै जान्छ, पुरुष र महिलाको पूर्ण समानता, एक अर्काप्रति आदरको भावना र सच्चा प्रेममा आधारित परिवारको नयाँ उत्कृष्ट रूपको प्रादुर्भाव हुन्छ।'

पुस्तकमा गोत्र प्रथाको नालीबेली उजागर गरिएको छ। इरोक्बा गोत्र, युनानी गोत्रमा प्राचीन गोत्रीय सङ्गठनको उत्थान, विकास र पतनसँगै राज्यको उत्पत्ति भएको हो। यस कृतिका अधिकांश खण्डमा स्वामित्वको उत्पत्ति र विभिन्न रूपहरूको विकासको विश्लेषण गरिएको छ। एंगेल्सले निजी स्वामित्वमा आधारित व्यवस्था नित्य होइन भनी तथ्यसङ्गत विश्लेषण गर्नुभएको छ। आदिम इतिहासको एक लामो अवधिसम्म उत्पादनका साधनहरूमाथि सामूहिक स्वामित्व रहेको थियो भन्ने कुरा अकाट्यरूपमा प्रमाणित गर्नुभयो।

उत्पादन शक्तिहरूको विकास एवम् श्रम उत्पादनशीलतामा वृद्धि भएसँगै अरूको श्रमको फल अर्थात् आम्दानी हत्याउने सम्भावना पैदा हुन्छ फलस्वरूप निजी स्वामित्व र मानवद्वारा मानवको शोषणको प्रादुर्भाव हुन्छ। त्यसैगरी समाज परस्पर विरोधीवर्गहरूमा विभाजित हुने तथ्यलाई एंगेल्सले मिहिन विवेचना गर्नुभएको छ।

राज्यको उत्पत्ति र सारतत्व नै एंगेल्सको कृतिको प्रमुख विषय या मेरुदण्ड हो भनिएको छ। एथेन्स राज्यको उत्पत्ति, रोममा गोत्र तथा राज्यको उत्पत्ति, केल्ट तथा जर्मन गोत्रको विकासले राज्यसत्ताको अभ्यूदयका लागि अनुकूल स्थिति खडा गरेको इतिहास पुस्तकमा उजागर भएको छ। गोत्र प्रणाली ध्वस्त भएपछि त्यसको स्थान राज्यले लिएको बुझिन्छ। जर्मनहरूमा राज्यको उत्पत्तिले रोमन साम्राज्यमा जर्मन आक्रमणकारीहरूले प्रवेश गरेको बुझ्न सकिन्छ। जर्मन उदयसँगै प्राचीन युनानी तथा रोमन सभ्यताको शैशवकाल खत्तम हुन्छ, रोमन राज्य एक विराट एवम् जटिल यन्त्रको रूपमा परिणत भएको इतिहास छ।

कर, राजकीय सेवाहरू र विभिन्न शुल्कहरूले आम जनसमुदायलाई आधिकारिक गरिबीमा पारिदियो। शोषणको एउटा प्रणाली स्थापित भयो। प्राचीनकालमा दासप्रथा कायम थियो। हरेक युगमा शोषणको रूप सामाजिक श्रम विभाजन र उत्पादन सम्बन्धसँग जोडिएको हुन्छ। पुस्तकमा लेखिएको छ - 'श्रमको सामाजिक विभाजनबाट नै दुई वर्गहरू अर्थात् शोषक र शोषितहरूमा समाजको विभाजन सुरु भयो।' कृषि, उद्योगलगायत अन्य श्रममा पनि यही प्रक्रिया लागु हुन्छ।

पुस्तकमा लेखिएको छ - 'सेनानायक, परिषद्, जनसभाहरू, गोत्रीय समाजका त्यस्ता निकायहरूको रूपमा देखापर्छन्, जसबाट सैनिक जनवादको विकास हुन्छ।' साथै, पुस्तकमा बुर्जुवा प्रजातान्त्रिक गणराज्यको चर्चा छ जसले सदा पुँजीवादको पक्षपोषण गर्यो। बर्बर युगमा लुटको धन बढी सरल र सम्मानजनक लाग्ने हुन्छ। श्रम विभाजनमा एक नौलो पाइला अर्थात् व्यापार, विनिमयले सभ्य युगको श्रीगणेश गर्छ भनिएको छ।

राज्यको जन्म प्रत्यक्ष रूपमा वर्गीय अन्तरविरोधहरूबाट हुन्छ अर्थात् राज्य सामाजिक विकासको निश्चित चरणको उपज हो। राज्य साम्झौताविहीन प्रतिपक्षताहरूमा विभाजित भएको हुन्छ जसबाट मुक्त हुन राज्य असमर्थ हुन्छ। पुस्तकमा लेखिएको छ - 'यस्ता प्रतिपक्षताहरू, परस्परविरोधी आर्थिक स्वार्थ भएका वर्गहरूले एक निरर्थक सङ्घर्षमा एक अर्कालाई ननिलून् भन्नका लागि एउटा शक्तिको आवश्यकताबोध भयो। जो समाजभन्दा माथि अवस्थित देखिन्छ, त्यस्तो शक्ति, जसले त्यस अन्तरद्वन्द्वलाई मत्थर पारोस् र त्यसलाई 'सुव्यवस्था' को परिधिभित्र नियन्त्रित राखोस्। अनि समाजबाटै उत्पन्न भएको तर समाजभन्दा माथि रहेको र त्यसबाट आफूलाई झन्-झन् अलग्याउँदै लगिरहेको यो शक्ति नै राज्य हो।'

यसरी प्राचीन युनान, प्राचीन रोम तथा जर्मनीमा राज्यको उत्पत्तिको उदाहरणमा एंगेल्सले स्पष्ट तथा तर्कयुक्त ढङ्गले देखाउनुभएको छ कि उत्पत्तिकालदेखि नै राज्य सदा ती वर्गहरूको आधिपत्य कायम राख्ने हतियार बन्दै आएको छ, जसले उत्पादनका साधनहरूमाथि आफ्नो प्रभुत्व कायम राखेका हुन्छन्। तर, सत्य के हो भने राज्य अनादिकालदेखि नै अस्तित्वमा थिएन आदिम समाज त्यसको उदाहरण हो। यसरी राज्यसत्ताविहीन साम्यवादी समाज, सर्वहारा अधिनायकवादी समाजको शब्दद्रश्य पनि यसै कृतिमा छ। सर्वहारा क्रान्तिको अनिवार्यता र साम्यवादी समाजको निर्माण कृतिको निहित मर्म हो।

यसरी आदिम समाजदेखि सभ्य युगसम्म मानवजातिको विकास, परिवार, निजी सम्पत्ति र राज्यको विकास एवम् मानिसमाथिको शोषणका रूपहरूको विश्लेषणले समाजलाई वर्गविहीन, राज्यसत्ताविहीन समाजको स्थापना गर्ने बलियो आधार अनि विचार यस कृतिले प्रदान गर्छ।

राष्ट्रघातको...

मन्त्रिपरिषद्ले निर्णय गरेपछि २०७६ साल साउन ३० गते अनुमोदनका लागि संसद सचिवालयमा दर्ता भएर अहिलेसम्म विवादमा परेकै कारणले थन्किएर बसेको एमसीसी सम्बन्धी प्रस्तावलाई प्रधानमन्त्री देउवाले २०७८ माघ १२ गतेपछि पूर्ण मन्त्रिपरिषद्बाट अनुमोदन गरेर अगाडि बढाउने योजना बनाएको स्रोतको दाबी छ।

स्रोतका अनुसार, यदि कुनै मन्त्रीले एमसीसी प्रस्तावप्रति आपत्ति जनाउँदै सहमति कायम गरेर मात्र अगाडि बढाउनुपर्छ भन्ने मत व्यक्त गरेमा प्रधानमन्त्रीय पद्धतिअनुसार प्रधानमन्त्रीको मतमा असहमत भएपछि राजीनामा गरेर बाहिरिने सल्लाहसमेत दिने प्रधानमन्त्री देउवाले योजना बनाएका छन्। सत्तारुढ गठबन्धनका दलहरू एमसीसीलाई यथास्थितिमा संसदबाट अनुमोदन गरेर अगाडि बढाउने पक्षमा नभएको अवस्थामा प्रतिपक्षमा रहेका दलहरूको समर्थन लिएर भएपनि यो प्रस्तावलाई संसदबाट अनुमोदन गराउने प्रयत्नमा देउवा रहेका छन्।

सत्तारुढ गठबन्धनका दुई कम्युनिष्ट घटक नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी नेपालको राष्ट्रहितलाई सम्बोधन हुनेगरी संशोधन गरेर मात्र एमसीसीलाई अगाडि बढाउनुपर्ने पक्षमा रहेका छन्। माओवादी केन्द्रको हालै सम्पन्न महाधिवेशनको म्याण्डेट पनि त्यही रहेको छ। जनता समाजवादीका अध्यक्ष उपेन्द्र यादव संशोधन गरेर मात्र एमसीसीलाई अगाडि बढाउनुपर्छ भन्ने पक्षमा देखिएका छन् भने जनता समाजवादीका अर्का अध्यक्ष बाबुराम भट्टराई भने एमसीसीलाई अनुमोदन गर्न ढिलाई गर्न नहुने पक्षमा रहेका छन्।

उता, प्रतिपक्षमा रहेको लोकतान्त्रिक समाजवादीले गत साता मात्र एमसीसीको समर्थनमा निर्णय गरेको छ। यसैगरी अहिले प्रतिपक्षमा रहेको एमाले एमसीसी पास गर्नुपर्ने पक्षमा नै रहेको छ। प्रतिपक्षमा रहेका नेकपा एमाले र लोकतान्त्रिक समाजवादी सकारात्मक रहेको अवस्थाको समेत उपयोग गरेर एमसीसीलाई अनुमोदन गर्ने अठोटसहित प्रधानमन्त्री देउवाले दौडधुप थालेका हुन्।

प्रधानमन्त्री देउवाले प्रतिपक्षबाट समर्थन हुने स्थिति आंकलन गरेर नै यो प्रस्तावलाई २०७८ माघ १२ गते हुन गइरहेको राष्ट्रिय सभाका निर्वाचनपछि अगाडि बढाउने योजना बनाएको स्रोतको दाबी छ। तर, प्रधानमन्त्री देउवाले सहमति र आवश्यक संशोधन नगरी एमसीसी प्रस्तावलाई संसदमा अगाडि बढाउन आवश्यक प्रक्रिया अवलम्बन गर्न थाले वर्तमान सत्तारुढ गठबन्धनमा समेत त्यसको असर पर्नसक्ने सम्भावना देखिएको छ। तर, २०७८ माघ १२ गते हुन गइरहेको राष्ट्रिय सभाका निर्वाचनपछि गठबन्धन दलहरूले निहुँ खोजे गठबन्धन तोड्दै चुनावी सरकार बनाएर काग्रेस निर्वाचनमा जाने सम्भावना समेत रहेको काग्रेसका एक शीर्षतहका नेताले बताएका छन्। महामन्त्री गगन थापाले पनि राष्ट्रिय सभाको निर्वाचनपछि यो गठबन्धन कायम नरहने र काग्रेस एक्लै चुनावमा जाने पटक पटक बताउँदै आएका छन्।

सरकारको जोडबलले मात्र एमसीसी प्रस्ताव संसदमा अगाडि बढ्न नसक्ने स्थितिलाई ध्यानमा राखेर प्रधानमन्त्री देउवाले त्यस्तो अवस्थामा आएमा तथा एमसीसी प्रस्तावलाई सभामुख अग्नि सापकोटाले सहयोग नगरे प्रतिपक्षमा रहेका दलहरूको समर्थनबाट सभामुख सापकोटाको विरुद्धमा समेत महाभियोगको प्रस्ताव ल्याउने योजना प्रधानमन्त्री देउवाले बनाएको पनि स्रोतको दाबी छ। एमसीसी प्रस्तावलाई कुनै पनि मूल्यमा अगाडि बढाउनेमा देउवा रहेको बुझिएको छ।

अर्को एक स्रोतका अनुसार अमेरिका र भारतले वर्तमान सत्तारुढ गठबन्धन तोडेर भएपनि एमसीसी पास गराउने र आगामी चुनावअघि पास गराउने सम्भावना नरहे काग्रेस र एमालेको चुनावी गठबन्धन गराएर एमसीसीका पक्षधर उम्मेदवारहरूलाई जिताएर नयाँ सरकार र संसदको पहिलो बैठकबाट भए पनि एमसीसी पास गराउनेसम्मको तयारी गरेको बुझिएको छ।

अमेरिकाले चीनलाई घेरा हाल्ने, चीनका विरुद्ध स्थलगत युद्धका लागि आधार क्षेत्रको रूपमा नेपाली भूमि प्रयोग गर्ने, यहाँको कच्चा पदार्थ र श्रमशक्तिको समेत दुरूपयोग गरेर आफ्नो साम्राज्यवादी अभिष्ट पुरा गर्न एमसीसीको आवरणमा नेपाललाई हिन्द प्रशान्त सैन्य रणनीतिको एक साझेदार राष्ट्र बनाउन खोजेको छ। एमसीसी सदनबाट पास गरिए अमेरिकाको त्यो मिसन पुरा हुने भएकाले उसले नेपालका आफ्ना दलालहरूमार्फत् एमसीसी जसरी पास गराउन दबाब दिइरहेको छ। एमसीसी पास भए नेपाल अमेरिका र चीनबीचको युद्धको अखडामा परिणत हुने र देशको स्वाधीनता र सार्वभौमिकता गुम्ने उच्च र गम्भिर जोखिम बढेको भन्दै देशभक्त र क्रान्तिकारी शक्तिहरूले लामो समयदेखि सडक संघर्ष चर्काउँदै आएका छन्। सडक संघर्षको नेतृत्व नेकपा (क्रान्तिकारी माओवादी)ले गर्दै आएको छ।

विस्तारवादी हस्तक्षेपमा सरकार र संसदवादीहरू मौन, क्रान्तिकारी माओवादी सडकमा

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले तिब्बतको मानसरोवर पुग्नका लागि लिपुलेकसम्म सडक विस्तार भइसकेको भनी बोलेको भिडियो सार्वजनिक भएपछि त्यसको कडा विरोध गर्दै नेकपा (क्रान्तिकारी माओवादी)ले वक्तव्य जारी गरेको छ। र, काठमाडौंमा विरोध प्रदर्शन समेत गरेको छ।

नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले जारी गरेको वक्तव्यमा मोदीको यो निर्लज्ज उद्घोषलाई भारतीय प्रधानमन्त्री मोदीको विस्तारवादी मानसिकता र चरम दादागिरीको अभिव्यक्तिको संज्ञा दिंदै यसलाई पूर्णतः खारेज गरिएको छ। र, एउटा सार्वभौमसत्ता सम्पन्न देशको भौगोलिक अखण्डताको सम्मान गर्दै लिपुलेक, कालापानी र लिम्पियाधुरासम्मको सम्पूर्ण अतिक्रमित नेपाली भूमि अविलम्ब फिर्ता गर्न भारत सरकारसँग जोडदार माग समेत गरेको छ।

वक्तव्यमा भनिएको छ, 'नेपाली भूमिमा भारत सरकारले सडक निर्माण गरेको विषय सार्वजनिक हुँदा समेत नेपाल सरकारले त्यसको कुनै प्रतिवाद नगर्नु र अतिक्रमित भूमि फिर्ता गराउन कुनै पहल नगर्नु नेपाली शासक वर्गको राष्ट्रिय आत्मसमर्पणवादी चरित्रको अभिव्यक्ति हो। हाम्रो पार्टी यसको घोर निन्दा एवम भर्त्सना गर्दछ। साथै, नेपाली राष्ट्रिय स्वाधीनताका विरुद्ध मोदीले सार्वजनिक रूपमा बोलेको विषयमा खुला आत्मालोचना सहित नेपाली भूमि फिर्ता गराउन नेपाल सरकारले भारत सरकार समक्ष अविलम्ब कूटनीतिक पहल बढाओस् भन्ने माग गर्दछ।'

वक्तव्यको अन्त्यमा भनिएको छ, 'हाम्रो देश नेपाल लामो समयदेखि साम्राज्यवाद र मुख्यतः भारतीय विस्तारवादी हस्तक्षेपबाट पीडित रहँदै आएको छ। भारतीय हस्तक्षेप र नेपाली शासक वर्गको लम्पसारवादी चरित्रका विरुद्ध नेपाली जनताले निरन्तर चलाउँदै आएको देशभक्तिपूर्ण सङ्घर्षका कारण आजसम्म हामीले नेपाली भएको गर्व गर्न पाएका छौं। वाह्य हस्तक्षेप बढ्दै गएको र नेपाली शासकवर्ग दिनप्रतिदिन झन-झन साम्राज्यवाद तथा विस्तारवाद परस्त बन्दै गएको सन्दर्भमा देशको राष्ट्रिय स्वाधीनता गम्भीर खतरामा पर्न गएको छ। यो स्थितिमा, राष्ट्रिय स्वाधीनताको रक्षाका निमित्त एकताबद्ध भई सङ्घर्षमा अगाडि बढ्न हाम्रो पार्टी सम्पूर्ण देशभक्त, प्रगतिशील, जनवादी तथा क्रान्तिकारी शक्तिहरूमा हार्दिक अपील गर्दछ।'

त्यस्तै आज नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल प्रदेश ३ को आयोजनामा विरोध प्रदर्शन समेतको आयोजना गरियो। पार्टी कार्यालय कुपण्डोलबाट निकालिएको विरोध र्याली माइतीघर मण्डलामा पुगेर कोणसभामा परिणत भएको थियो। कोणसभामा नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम तथा प्रदेश ३ का इन्चार्ज दिनेश शर्मा सागर, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल लगायतका नेताहरूले विरोध मन्तव्य राख्नुभएको थियो। कोणसभाको सञ्चालन देजमो ललितपुर अध्यक्ष इन्दिरा अधिकारीले गर्नुभएको थियो।

कोणसभा सकिएलगत्तै क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरूले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको टाउको अंकित फुटबललाई लात्तिले हानाहान गरिएको थियो र मोदीको पुत्ला दहन समेत गरिएको थियो। प्रहरी अवरोधका बाबजुद मोदीको टाउकाको फुटबल खेल्न र पुत्ला दहन गर्न भ्याएका थिए।

युद्धमा नहारेको एक कुशल योद्धा

● हिरामणि दुःखी ●

मैले संसारसेन पृथकलाई राम्रोसँग चिन्न त सकेन तर आज उनलाई चिन्दै छु। उनलाई चिन्ने अवसर भने उनकै स्मृतिमा प्रकाशित हुन लागेको स्मृतिग्रन्थ सम्पादन गर्ने कार्यले जुराएइदिएको छ। बिरबहादुर कामी अर्थात् संसारसेनकी जीवनसङ्गिनी लक्ष्मी चौलागाइँ 'प्रतिज्ञा'ले मलाई यो स्मृतिग्रन्थ सम्पादन गरिदिन आग्रह गर्नु भयो। जसमा संसारसेनले विभिन्न समयमा लेखेका समसामयिक राजनीतिक लेखहरू तथा उनलाई चिन्नेहरूले उनका बारेमा लेखिएका संस्मरण, टिप्पणी आदि सामग्रीहरू छन्। यिनै सामग्री सम्पादन गर्ने क्रममा मैले संसारसेनका बारेमा प्रसस्तै जान्ने अवसर पाएँ। यद्यपि उनीसँग मेरो प्रत्यक्ष देखभेट जनयुद्ध कालमा भेरी-कर्णाली राज्यको जनसरकार घोषणा कार्यक्रममा जाजरकोटको जुँगाथापाचौरमा भएको जस्तो लाग्छ। त्यस अगाडि जनादेश साप्ताहिकको रिपोर्टिङको शिलशिलामा म भेरी-कर्णाली राज्यमा घुम्ने अवसर पाएको थिएँ। म र मेरो जीवनसाथी देवा भारतको कानपुरबाट त्यता गएका थियौँ। पार्टीले जाजरकोटको बारेकोट एरियाका दश/बाह्र वटा स्थानीय निकायलाई जोडेर विशेष जिल्ला बनाएको थियो। त्यतिवेला उनी त्यही जिल्लामा खटाइएका रहेछन्। त्यस समयमा सामान्य भेटघाट भएको हो। खासै गहिरो गरि परिचय र कुराकानी हुन पाएन। उनका अगाडि हामी माथिल्लो तहका र बाहिरबाट गएका नेता भएकाले पनि स्थानीय तहका कार्यकर्ताहरूसँग खासै कुराकानी हुँदैनथ्यो। त्यसैले पनि उनलाई नजिकबाट चिन्ने अवसर मिलेन।

संसारसेनको जीवनी भल्किने सामग्रीहरू उनका बारेमा लेख्ने थुप्रै लेखकहरूले प्रकाश पारिसकेका छन्। म यहाँ जीवनीबारे लेख्न गएको छैन। उनका लेख रचनाहरू पढिसकेपछि उनको बुझाई के थियो र उनी कस्ता खालका व्यक्ति थिए भन्ने बारेमा सङ्क्षिप्त चर्चा गर्ने प्रयत्न गरेको छु।

विद्रोहचेत :

संसारसेन पृथकका बारेमा लेखिएका उनको परिचय, जीवनी र सङ्गठनमा लाग्नु पर्नाको कारणहरूको अध्ययन गर्दा उनी एक विद्रोही स्वभावका थिए भन्ने देखिन्छ। यो विद्रोही स्वभाव उनको आदतको सत्तामा नभएर चेतनाका अर्थमा देखिन्छ। उनी राज्यसत्ताको उत्पीडन, शोषण, दमन र राज्यसत्ताले निर्माण गरेको जातीय विभेदका कारण उत्पीडित जातीय समुदायका मानिसले समाजबाट भोग्नुपरेको अमानवीय पीडा, तिरस्कार र बहिस्करणका विरुद्ध सचेत रूपमा विद्रोह गरेको देखिन्छ। यही विद्रोहचेतका कारण देशमा नेकपा माओवादीले चलाएको वर्गसङ्घर्षप्रति विद्यार्थीकालदेखि नै उनी आकर्षित हुन पुगे। उनी विद्यार्थी भएकै समयमा जनयुद्धको रापतापले पूरै देशलाई ढपक्क ढाकेको थियो। जनयुद्धको तव्रितम विकास र राज्यको चर्को दमनको मुख्य केन्द्र जाजरकोट जिल्ला पनि एक थियो। अझ २०५५ जेठमा पुलिसले 'किलोशेरा' नामको आम नरसंहारकारी हत्या शृङ्खलाको सुरुआत नै जाजरकोटबाट गरेको थियो। त्यो अप्रेशनमा लहँ स्थित भानुभक्त माद्यामिक विद्यालयमा भएको स्कूलको वार्षिक कार्यक्रममा नाचिरहेका कलाकार र दर्शक जनतामाथि सामूहिक हत्याकाण्ड मच्चाएको थियो। त्यो घटनाले

उनमा राज्यसत्ताप्रतिको आक्रोशको ज्वार झन माथि उठ्यो। त्यसपछि उनी अब आफ्नो पढाई र व्यक्तिगत जीवनप्रति तिलाञ्जली दिएर जनयुद्धमा प्रत्यक्ष सहभागि हुने सङ्कल्प गरे। यो उनको परिवारमै पहिलो विद्रोहचेत थियो। यसरी उनी जनयुद्धमा पूर्णकालिन भएर सामेल भएको देखिन्छ।

शालिन, भद्र र इमान्दार :

उनका बारेमा लेख्नेहरू र उनीसँग जनयुद्धमा सहकार्य गर्नेहरूका अनुसार उनी शालिन, भद्र, नम्र र अनुशासित थिए भन्ने देखिएको छ। आफूलाई आएको जिम्मेवारी उनी इमान्दारितापूर्वक पूरा गर्थे। त्यसलै उनी कामप्रति निकै इमान्दार थिए भन्ने जनाउँछ। नेपालको कम्युनिस्ट आन्दोलनको मुख्य समस्या भनेको इमान्दारिता हो। उनी वर्गप्रति कति इमान्दार थिए भने आफू विदेशी भूमिमा दुई रोटी र एक टालोका लागि शरीर घोट्दा पनि यता आफ्नो जीवनसाथीलाई क्रान्तिकारी पार्टीमा सङ्गठित हुन र राजनीतिक जीवनलाई निरन्तरता दिन हौसल्याउँथे, प्रररणा दिन्थे। युद्धकालमै पनि उनी पार्टीले आफूलाई जुन क्षत्रमा खटाउँछ त्यहाँ वेहिचक जाने र आफूलाई परेको जिम्मेवारी पूरा गर्न सम्पूर्ण ताकत खचै गरेको देखिन्छ। त्यसैले पनि उनी सबैसामू छोटै समयमा पनि निकै लोकप्रिय भएको बुझिन्छ।

निडर, साहसी र तार्किक :

संसारसेन पृथकका बारेमा जेजति सामग्रीहरू लेखिएका छन् ती सबै सामग्री अध्ययन गर्दा उनी निडर, साहसी र तार्किक थिए भन्ने देखाउँछ। पार्टी कामका शिलशिलामा आफूलाई लागेका कुरा माथिल्लो नेतृत्वसँग निडरताका साथ प्रष्ट भाषामा राख्ने गर्थे भन्ने कुरा बताइएको छ। नेपालको कम्युनिस्ट आन्दोलनमा विद्यमान रहेको सामन्तवादी संस्कृतिका विरुद्ध सङ्घर्ष गर्नु पनि जनयुद्धको उद्देश्य थियो। विडम्वना त यो भयो कि स्वयम् नेताहरूमा जब्बर रूपमा सामन्तवादी संस्कृति हावी हुँदै गएको थियो। कमरेडली भावना भन्दा पनि जिमुवाल प्रवृत्ति बढ्दै गएको थियो। त्यसको प्रभाव अहिले त झन् बलियो भएर आएको छ। नेतृत्वमा छोटे राजा प्रवृत्ति बढ्दै गएको छ। सामन्तवादी प्रवृत्तिको मुख्य विशेषता भनेको नेतृत्वको चाकडी गर्नु र कार्यकर्ताहरूलाई नोकरको जस्तो व्यवहार देखाउनु हो। अहिले नेपालका कम्युनिस्ट पार्टीहरूमा सबैतिर यो प्रवृत्ति हावी हुँदै गएको छ। अझ सत्तासिन संसदवादी कम्युनिस्टहरूमा त यो सामन्तवादी संस्कृति अनिवार्य संस्कार जस्तै हुन पुगेको छ।

संसारसेनले पार्टीका बैठक होस् अथवा भेटघाटका अवसरहरूमा होस् सबै ठाउँमा आफ्ना कुराहरू निर्धक्कसँग नेतृत्वका अगाडि राख्ने गर्दथे। त्यस्तै आफ्नो मातहतका कार्यकर्ता, सदस्यहरूलाई शालिनतापूर्वक कमरेडली ब्यवहार गर्दथे। जस्तो सुकै कठिनताहरूसँग पनि साहसका साथ योजना सफल पारेर फर्कन्थे। नेतृत्वसँग प्रस्तुत हुँदा उनी आफ्ना विचारमा तर्कपूर्ण वहस गर्न रुचाउँथे। फरक धारणा आयो भनेले आफ्ना विचारहरू सुस्पष्ट रूपमा तर्कहरू पेस गरेर नेतृत्वलाई समेत सहमत गराउने कला थियो।

यसैगरी उनले राजनीतिक विचार, सामाजिक कुरिती, राष्ट्रियताका विषहरूमा पनि निकै तर्कपूर्ण विचार प्रस्तुत गरेको कुरा उनका लेखहरूमा पाउन सकिन्छ। हरेक नयाँ कुराप्रति उनी निकै जिज्ञासु थिए। उनमा अध्ययनको भोक थियो। विद्यालयको औपचारिक शिक्षा लिँदा होस् अथवा पार्टी सङ्गठनमा रहेर वैचारिक अध्ययन गर्ने कुरामा होस् उनी निकै रुचिपूर्वक अध्ययन गर्दथे। यसरी उनी पार्टी सङ्गठनमा रहँदासम्म निडर, सासी र तार्किक रूपम प्रस्तुत भए।

बहु-प्रतिभाशाली :

संसारसेन पृथकले औपचारिक शिक्षा हाइस्कूलसम्मको अध्ययन गरेता पनि उनमा सामान्यतया सबै विषयमा ज्ञान थियो। राजनीति, दर्शन, जातीय सवाल, धर्म, संस्कृति जस्ता विषयमा पनि उनले कलम चलाएका छन्। उनका लेखहरू पढ्दा मोटामोटी रूपमा सबै विषयमा धेरथोर ज्ञान राख्दथे भन्ने बुझिन्छ। त्यसैगरी उनले कविता, गीत लेखेर आफूलाई राजनीतिक लेखकका रूपमा मात्रै नभएर कवि साहित्यकारका रूपमा पनि प्रस्तुत गरेका छन्। उनले विदेशी भूमिमा बसेर पनि राष्ट्रियताको भावनाले ओतप्रोत भएका, जातीय विभेदका विरुद्धमा र अग्रगामी पक्षमा कविता लेखेर आफूलाई समाजवादी यथार्थवादी धारामा उभ्याएका छन्।

यसरी बिरबहादुर कामी अर्थात् संसारसेन पृथकले बहुआयामिक व्यक्तित्वका रूपमा आफूलाई उभ्याएका छन्। पारिवारिक जीवनदेखि राजनीतिका हरेक क्षत्रहरूमा आफूलाई सफल र विजेता बनाउँदै लगेका संसारसेनले अन्ततः अल्पायुको मृत्यलाई जित्न सकेनन्। विदेशी भूमिमा कम्पनीको कठोर श्रमबाट विदा भएर डेरामा पुगेपछि राती अवेरसम्म नेपालमा रहेका आफ्नो परिवारका सदस्यदेखि पार्टीका सहयोद्धाहरूसँग मिठो भलाकुसारी गरेर नेपाल फर्केपछि पुनः क्रान्तिकारी धाराको कम्युनिस्ट पार्टीमा समाहित भएर नयाँ यत्रा थालनी गर्ने मिठो सपना बुनेर सुतेको योद्धा विहान उठ्दा लाशमा परिणत होला भन्ने कसैले कल्पनासम् मगर्ने कुरा थिएन। उनी त्यस्तो कुनै दीर्घ रोगी भएर लामो समयसम्म उपचार गराउनु परेका व्यक्ति पनि थिएनन्। परन्तु मृत्यु कति निर्दयी हुन्छ भन्ने कुरा उनको मृत्युले पुनर्पुष्टी गरेको छ। युद्धका भीषणताहरू समेत नहारेको योद्धाले मृत्यसँग हार खायो र आज हामी उसको शाकाञ्जली लेख्न वाध्य भएका छौँ। हार्दिक श्रद्धाञ्जली कमरेड संसारसेन पृथक। तिम्रो मृत्यु पो पृथक हुन पुग्यो। अल विदा रातो र जुझारु कमरेड संसारसेन।

❑ साताको कविता

'बिकल्प'का दश मुक्तकहरु !

❑ रवि 'बिकल्प' ❑

ज्यामीका निम्ति लेखे पो कवि
दुख दर्द अभाव देखे पो कवि
ब्यथा लुकाएर लेख्नेहरूले
यथार्थ धरातल टेके पो कवि ॥

तिम्रा कर्तुतका चिरफार हुनेछ
फैसला गर्ने जन- सर्कार हुनेछ
तिमीलाई बचाउने हुने छैनन् कोही
जनताबाट तिम्रो तिरस्कार हुनेछ ॥

बिहानी लालीको रातो प्यारो छ
देशको एकमुठ्ठी माटो प्यारो छ
देश बचाउन बलिदानी दिएका
शहिदका रक्त टाटो प्यारो छ ॥

देशका निम्ति मर्नुपर्दा पछि हट्न हुदैनथ्यो
बलिदानी गर्नुपर्दा पछि हट्न हुदैनथ्यो
सर्बहारा श्रमजिबी जनतालाई यहाँ
जनचेतना छर्नुपर्दा पछि हट्न हुदैनथ्यो ॥

हिजो र आज पारा एउटै
रात र दिन सारा एउटै
युगले कोल्टे फेरेपनि
सधै बग्ने अश्रुधारा एउटै॥

अब धेरै दिन टिक्दैन सर्वसत्ता
जनताका पिडा झिक्दैन सर्वसत्ता
सामन्तका नाइके ढलिसकेपछि
कहाँ बिक्छ ? बिक्दैन सर्वसत्ता ॥१६ ॥

ज्वाला बाल्दै आयो चिसो मकलमा जनयुद्ध
आधीबेरी ल्यायो सारा सकलमा जनयुद्ध
पुरातनको समाप्ति नुतनको उदय
रक्तिम हुदै छायो जनपहलमा जनयुद्ध॥

संर्घष गरे मात्र मुक्ति पाइन्छ
डटेर अहोरात्र मुक्ति पाइन्छ
उपलब्धिको रक्षा गरि यहाँ
जुट्नुपर्छ हरपात्र मुक्ति पाइन्छ ॥

अन्याय अत्याचार शोषण गर्नेलाई हान्छ कलमले
न्यायप्रेमी राष्ट्रवादी जनता सारा तान्छ कमलले
सर्वहारा मजदुर किसानका लेखिए इतिहास
साम्राज्यवाद विस्तारवादको सातो खान्छ कलमले ॥

दख्खिनबाटै सत्ता हाकिरहेका छन् यहाँ
गगनबाट गिद्ध डाकिरहेका छन् यहाँ
कतिबेला त्यसले फणा फिजाउछ
जनतालाई खाडलमा जाकिरहेका छन् यहाँ ॥

बर्दघाट-४ पश्चिम नवलपरासी

बेरोजगारीको...

पुँजीवादको विकास पछि ती देशहरूमा उत्पादन विधि र रोजगारीको क्षेत्र केही व्यवस्थित र विस्तार त भए तर, सम्पत्ति र उत्पादनका साधनहरूबाट बञ्चित सर्वहारा वर्ग बाँच्नका लागि पूर्ण रूपमा पुँजीपतिहरूमाथि आश्रित हुनपर्ने भयो। सर्वहारा वर्गका लागि स्वरोजगारको सम्भावना सकियो। साधन, स्रोत र सम्पत्तिको अभावमा उनीहरूसँग बाँच्नका लागि आफ्नो श्रम भन्दा बाहेक बाँकी केही रहेन। सर्वहारा वर्गको श्रम पुँजीपति वर्गका लागि अतिरिक्त मूल्य आर्जन गरिदिने माल (ऋक्यमष्तथ) बन्न गयो।

कस्तो विडम्बना, पहिले जुन श्रमका कारण वानरबाट मानिसको विकास भयो र मानव समाज अस्तित्वमा आयो त्यही श्रम अहिले पुँजीवादी बजारमा घटाघटमा बिक्री हुने वस्तु बन्न गएको छ। यसरी पुँजीवादी उत्पादन सम्बन्धको सुरुआत सँगै उत्पादनका साधनहरूबाट बञ्चित श्रमजीवीहरू बेरोजगार बन्ने प्रक्रिया अगाडि बढ्यो र उनीहरूलाई घटाघटमा आफ्नो श्रम बेच्न बाध्य बनाइयो। बेरोजगारीको यो समस्या आज विश्वभरि नै भयावह बन्न गएको छ। यो सङ्क्षिप्त लेख यही विषयको सेरोफेरोमा केन्द्रित रहने छ।

युरोपमा विकास भएको पुँजीवाद सुरुमा उदारवादी प्रकारको थियो। यसलाई मार्क्सले सामन्तवाद भन्दा प्रगतिशील थियो भन्नु भएको छ। पुँजीवादको आफ्नै अन्तर्निहित अन्तर्विरोधका कारण पछि त्यो उदारवादी र प्रगतिशील चरित्रको रहेन, एकाधिकारवादी बन्न गयो। त्यसलाई लेनिनले साम्राज्यवाद भन्नुभएको छ। यसरी विकास भएको साम्राज्यवादले विश्वका अविकसित र अल्पविकसित देशहरूमा सामन्तवादसँग सम्झौता गरी आर्थिक तथा राजनीतिक हस्तक्षेपलाई अगाडि बढायो। यसले ती देशमा पुँजीवादी क्रान्तिको प्रक्रियालाई अवरुद्ध मात्र गरेन, अर्थतन्त्र र राजनीतिको क्षेत्रमा हस्तक्षेप बढाई सामन्ती अर्थतन्त्रको जगमा ठिमाहा प्रकृतिको दलाल तथा नोकरशाही पुँजीवादको विकास गरायो। फलतः स्वतन्त्र देशहरू उपनिवेश, अर्ध-उपनिवेश वा नव-उपनिवेश र अर्ध-सामन्ती बन्न पुगे। ती देशहरूमा न राष्ट्रिय पुँजीवादको विकास भयो न ती स्वाधीन सामन्तवादी देश नै रहे। यो समग्र प्रक्रियामा अल्पविकसित देशहरूको अर्थतन्त्र विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष जस्ता वित्तीय संस्थाको सुदखोर पुँजीद्वारा नियन्त्रित हुन पुग्यो। देशको आर्थिक समृद्धि र बेरोजगारीको समस्या समाधान गर्ने काममा ती देशका सरकारको कुनै भूमिका नै रहेन। यो प्रक्रिया अहिलेसम्म पनि जारी छ।

साम्राज्यवादको दवदवा रहेको र पुँजीवादले नवउदारवादी नीति अवलम्बन गरेको वर्तमान सन्दर्भमा उत्पीडित देशहरूको अर्थतन्त्र सिमित बहुराष्ट्रिय कम्पनीहरूको कब्जामा रहेको छ। उत्पीडित देशका शासकहरू आफ्नो देशका साधन-श्रोत, बजार र प्राकृतिक सम्पदा साम्राज्यवादीहरूलाई सुम्पेर बहुराष्ट्रिय कम्पनीको जुठोपुरोमा बाँच्ने बिचौलिया दलाल बन्न गएका छन्। ती देशमा शाषकहरूका बीचको प्रतिस्पर्धा जनताको जीवनवृत्तिको विकास र देशको समृद्धिका लागि होइन साम्राज्यवादी शक्तिको आडमा सत्तामा पुग्नु भएको छ। यो प्रक्रियालाई सफल पार्न नवउदारवादले दुइवटा हतियार प्रयोग गर्ने गर्दछ। ती हतियार हुन् – निजीकरण र भूमण्डलीकरण।

निजीकरण यस्तो अर्थ-राजनीतिक हतियार हो जसले देशमा पहिल्यै निर्माण भएर पछिसम्म बचेखुचेका उद्योगधन्दा तथा कलकारखाना र निर्माण, स्वास्थ्य, शिक्षा लगायतका आर्थिक कारोवार गरिने सबै व्यवसायहरूमा राज्यको कुनै पनि भूमिका नरहने र तिनलाई बजारको जिम्मामा सुम्पिने गर्दछ। १९८०को दशकमा वाशिङ्टन सहमति भएपछि निजीकरणका नाममा उत्पीडित देशहरूमा राज्यको स्वामित्वमा रहेका ठूला व्यवसायहरू देशी वा विदेशी निजी कम्पनीका हातमा पुगेका छन् र राष्ट्रिय पुँजीपतिले सञ्चालन गरेका सानातिना उद्योगहरू प्रतिस्पर्धामा टिक्न नसकेर धराशायी भएका छन्। यसले विश्वभरि नै रोजगारीको प्रक्रियालाई अस्तव्यस्त बनाएको छ। कडा प्रतिस्पर्धाका बीचबाट काम पाउनेहरू पनि अतिकम पारिश्रमिकमा काम गर्न वाध्य हुँदै आएका छन्। अर्थतन्त्रको विकास र रोजगारीको विस्तार गर्ने प्रक्रियामा राज्यको भूमिका समाप्त भएको छ। राज्यको भूमिका बहुराष्ट्रिय कम्पनीहरू र तिनका आवश्यकताको व्यवस्थापन गर्ने दलालको र श्रमिकहरूले हडताल वा आन्दोलन गरेमा त्यसमाथि दमन गरेर विदेशी मालिकहरूको रक्षा गर्ने पुलिसको जस्तो बन्न गएको छ।

यो प्रक्रियामा उत्पीडित देशका बहुमूल्य प्राकृतिक सम्पदा र उद्योगहरू बहुराष्ट्रिय कम्पनीका हातमा पुगेका छन्, राष्ट्रिय पुँजी ध्वस्त भएको छ, दलाल पुँजी फस्टाएको छ। मुठ्ठीभर दलालहरू मालामाल भएका छन् र उत्पीडित देशहरू नव-उपनिवेशमा बदलिएका छन्। ट्रेड युनियन सङ्गठनहरू प्रतिवन्धित छन्, उनीहरूको सौदावाजी गर्ने अधिकार समाप्त पारिएको छ, श्रमिकहरूको कामको कुनै सुरक्षा छैन र चाहेको बेलामा काममा खटाउन र नचाहेको बेलामा कामबाट हटाउन पाउने अधिकार एकलौटी रूपमा कम्पनीका मालिकको हातमा रहेको छ। यसबारे सरकारले एक शव्द पनि बोल्न पाउँदैन। यसरी निजीकरण श्रमिकविरोधी मात्र होइन, राष्ट्रघाती समेत रहेको छ।

अर्कोतिर, भूमण्डलीकरणको नीतिले कुनै एउटा देशको उद्योग र त्यहाँ उत्पादित माल वितरण गर्नका लागि विना अवरोध संसारभरि पुऱ्याउने बाटो खोलिदिने गर्दछ। यसैका आधारमा बहुराष्ट्रिय कम्पनीहरूले अमेरिका वा अन्य विकसित देशमा रहेका उद्योगहरूलाई श्रम र कच्चा पदार्थ निकै सस्तोमा पाइने विकाशशील, अल्पविकसित तथा अविकसित देशहरूमा स्थानान्तरण गरेका छन्। यो नीतिले ती देशको सस्तो श्रम र श्रोतसाधनबाट कम लगानीमा माल उत्पादन गर्ने र उत्पादित मालको पहुँच संसारभरि पुऱ्याउन भन्सार शुल्क नगन्य बनाउनु पर्ने वाध्यात्मक सर्त अगाडि तेर्स्याउने गर्दछ। परिणाम स्वरूप उत्पीडित देशहरूमा पहिले नै स्थापना भएका राष्ट्रिय उद्योगहरू बाहिरबाट आयात गरिएका सस्तो मालको चापका कारण टिक्न नसकेर धराशायी भएका छन् भने बेरोजगारको सङ्ख्या दिन प्रतिदिन बढिरहेको छ।

यसरी निजीकरण र भूमण्डलीकरणका कारण विश्व अर्थतन्त्र सिमित बहुराष्ट्रिय कम्पनीहरूको हातमा पुगेको छ र मुख्यतः उत्पीडित देशका शाषकहरूको काम तिनै साम्राज्यवादीहरूको सेवाचाकडी गर्नुमा सिमित रहेको छ। रोजगारीका क्षेत्रको विस्तार र राष्ट्रिय अर्थतन्त्रको विकासमा ती देशका सरकारको कुनै भूमिका छैन। उनीहरू साम्राज्यवादी शाषकहरूले दिएको आदेशमा चल्ने गोटी बनेका छन्। यो मुख्यतः एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका उत्पीडित राष्ट्रहरूको आम समस्या हो। फलतः श्रमजीवी जनताहरू कामको खोजीमा विदेशका गल्लीमा भौँतारिन बाध्य छन्। वर्षेनी लाखौँको सङ्ख्यामा ल्याटिन अमेरिकी मूलका मानिसहरू मेक्सिको हुँदै अमेरिका छिर्ने र अफ्रिकाका मानिसहरू डुँगा प्रयोग गरेर युरोप छिर्ने कारण बेरोजगारी समस्या नै हो।

विश्वमा विज्ञान तथा प्रविधिको अभूतपूर्व विकास भएको छ। प्रविधिको विकासले श्रमिकहरूले गर्दैआएका र पहिले असम्भव वा अत्यन्त कठीन हुने कामहरू आज सजिलै र निकै छोटो समयमा सम्पन्न हुन थालेका छन्। जसरी पनि अत्यधिक मुनाफा आर्जन गर्नु पुँजीवादको अन्तर्निहीत विशेषता हो। साम्राज्यवादीहरूले प्रविधिलाई आफ्नो कब्जामा लिएर त्यसलाई अत्यधिक मुनाफा आर्जन गर्ने साधन बनाएका छन्। रोबोटहरू र कृत्रिम प्रज्ञाको प्रयोगका कारण २०५० सम्ममा बेलायतमा ५० प्रतिशत मजदुरहरूले आफ्नो रोजगारी गुमाउने छन् भनेर प्रोफेसर मोशे वार्दीले वाशिङ्टनमा आयोजित विश्वको सबैभन्दा ठुलो वैज्ञानिक सम्मेलनमा गम्भीर चिन्ता व्यक्त गरेका थिए। यो आज भन्दा करिब ५ वर्ष पहिला बेलायती अनलाइन पत्रिका ऋचयचचाअयागप ले फेब्रुअरी १३, २०१६ मा प्रकाशित गरेको समाचारको एउटा टुक्रा हो। प्रविधिको अनियन्त्रित प्रयोगका कारण पैदा भएको बेरोजगारीको यो समस्या बेलायत मात्र होइन विश्वका कुनाकुनासम्म पुगिसकेको छ र श्रमिकहरू रोजगारीबाट हात धुँदै जान थालेका छन्।

आजको साम्राज्यवादी युगमा बेरोजगारी वैश्विक समस्या हो। फरक-फरक देशमा बेरोजगारीको स्वरूप केही भिन्न होलान् तर त्यसको अन्तर्वस्तुमा खासै फरक छैन। त्यसको प्रधान कारण साम्राज्यवाद र त्यसलाई निर्देशित गर्ने नवउदारवाद हो। नेपालमा बेरोजगारीको जुन समस्या रहेको छ त्यसलाई पनि उपरोक्त सन्दर्भबाट अलग गरेर हेर्न मिल्दैन। यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगले २०१९मा प्रकाशित गरेको प्रतिवेदनमा नेपालको २०१७/०१८को श्रमबजारको स्थिति उल्लेख गरेको छ। यो प्रतिवेदन धधधालभउबष्मिबतबाअफ मा प्रकाशित छ।

उक्त प्रतिवेदनको पृष्ठ १३मा लेखिएको छ, "नेपालमा श्रमगर्ने उमेरका मानिसहरू अन्दाजी २ करोड ७ लाख मध्ये ७१ लाख रोजगार थिए, जव कि ९ लाख ८ हजार बेरोजगार। यसले देखाउँछ नेपालमा बेरोजगारी दर ११.४ प्रतिशत थियो।" यसले अर्धबेरोजगारहरूबारे केही कुरा नगरेर बेरोजगारको दर जम्मा ११.४ प्रतिशत मात्र रहेको देखाएको छ। यो प्रतिवेदनका अनुसार नेपालमा ७१ लाख अर्थात् ३४.३ प्रतिशत मानिसहरू मात्र रोजगार छन् र वाँकी अर्ध तथा पूर्ण बेरोजगारको सङ्ख्या १ करोड ३६ लाख छ, जुन ६५.७ प्रतिशत हो। यसरी नेपालमा कूल श्रमशक्तिको करिब दुइ-तिहाई हिस्सा पूर्ण र अर्ध बेरोजगार छन्। यो श्रमशक्ति रोजीरोटीका लागि भारत, खाडीका मुलुकहरू, मलेसिया र अमेरिका, युरोप, अस्ट्रेलिया, जापान लगायतका देशमा भौँतारिइरहेको छ।

कोभिड-१९ महामारीका कारण विश्वभरि नै बेरोजगारीको दर ह्वात्तै बढेको छ। कोभिड-१९का कारण विश्वभरि बेरोजगार मानिसहरूको सङ्ख्या करिब २५ करोडले बृद्धि भएको छ। यसको असर नेपालको श्रमबजारमा पर्नु स्वाभाविक हो। "बेरोजगारी नेपालका लागि ठुलो चुनौती रहेको छ" भन्ने शीर्षकमा हरिवंश झाले एउटा लेख प्रकाशन गरेका छन्। अञ्जर्भर रिसर्च फाउण्डेशनको अनलाइन पेपर (धधधायचायलष्लिभायचन)मा प्रकाशित यस लेखमा उनी भन्छन्, "कोभिड-१९का कारण अनौपचारिक क्षेत्रमा कामगर्ने ८१ प्रतिशत श्रमिकले र १४ लाख घरेलु कामदारले जागिर गुमाउने खतरा रहेको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनले गरेको अनुमान अनुसार नेपालका उत्पादन, निर्माण, यातायात, आवास, होटेल, प्रशासन लगायतका क्षेत्रमा १६ देखि २० लाख कामहरू खतरामा परेका छन्।" यसले नेपालमा बेरोजगारीको डरलाग्दो चित्र प्रस्तुत गर्दछ।

बेरोजगारीको उपरोक्त गह्रुङ्गो भारले थिचिएका नेपाली जनतामाथि हालै ओली सरकारले कृषि क्षेत्रमा कामगरेर जीवन धान्ने गरिब तथा साना किसानहरूका विरुद्ध अर्को जनविरोधी र राष्ट्रघाती निर्णय गरेको छ। खाद्यान्न लगायत दुध व्यवसाय, माछा पालन, कुखुरा पालन जस्ता कृषिका विभिन्न क्षेत्रमा विदेशी पुँजीपतिलाई प्रत्यक्ष लगानी गर्न दिने निर्णय गरेर सरकारले निर्वाहमूखी कृषिकर्म गरी जीवन धान्ने स्वरोजगार गरिब किसानलाई आफ्नो जगा र पेशाबाट उठिबास गराउने मात्र होइन उक्त क्षेत्रका नेपाली उद्यमीहरूलाई समेत आफ्ना व्यवसायबाट विस्थापित गराउने काम गर्दैछ। फलतः बेरोजगारी अरु बढ्ने छ।

अहिलेसम्म नेपालका शाषकहरूबाट बेरोजगारीको खेतीगर्ने, देश र जनतालाई नङ्ग्याएर विदेशी पुँजीपति र तिनका नेपाली दलाललाई पोस्ने, विदेशीसँग फ्री भिसा र फ्री टिकटको याचना गरेर युवाहरूलाई वैदेशिक श्रम बजारमा बेच्ने, विप्रेषणबाट आएको पैसामा सत्ताधारी र आसेपासेहरूले मस्तिगर्ने र देशलाई पराधीन र साम्राज्यवादीहरूको क्रीडास्थल बनाउने गम्भीर राष्ट्रघाती र जनविरोधी कर्तुत बाहेक अन्य उल्लेखनीय भूमिका निर्वाह भएको छैन। नवउदारवादमा आधारित साम्राज्यवादी विश्व व्यवस्था, संसदीय शासन प्रणाली र त्यस अनुरूप बनेको सरकारले रोजगारी बृद्धि नगर्ने मात्र होइन उल्टै बेरोजगारहरू थप्ने बाहेक अरु केही गर्दैन भन्नेकुरा स्पष्ट भइसकेको छ। यो नेपालका लागि मात्र होइन पुरा विश्वकै लागि सत्य हो।

पुँजीवादी समाजमा मालको उत्पादन देश र जनताको आवश्यकताका आधारमा होइन धेरै मुनाफा कमाउने उद्देश्यले गरिन्छ। जुन मालको उत्पादनले धेरै मुनाफा कमाउन सकिने देखिन्छ, त्यसैका लागि पुँजीपतिहरूले पुँजी लगानी गर्छन्। यो पुँजीवादी उत्पादनमा हुने अराजकता हो। यही अराजकताका कारण पुँजीवाद एकपछि अर्को गरी आर्थिक सङ्कटमा फसिरहन्छ। पुँजीवादी उत्पादन सम्बन्ध नै बेरोजगारी समस्याको मूल कारण हो। क्षमता अनुसार अनिवार्य काम र काम अनुसारको दामका आधारमा उत्पादनका साधनमाथि श्रमिकहरूको सामूहिक स्वामित्व, राष्ट्रिय आवश्यकता अनुसार माल उत्पादन एवम् वितरण गर्ने योजनाबद्ध वैज्ञानिक समाजवादी अर्थतन्त्र नै पुँजीवादी अर्थतन्त्रको विकल्प हो। यसले मात्र बेरोजगारीको समस्या समाधान गर्नुका साथै पुँजीवादी शोषणको अन्त्य गर्ने सामर्थ्य राख्छ। यसका लागि मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक निर्देशन र सर्वहारा वर्गको नेतृत्वमा वैज्ञानिक समाजवादी क्रान्ति अनिवार्य छ।

पुँजीवादका अन्तर्विरोधहरूको विश्लेषण गर्नुभई १८४५मा प्रकाशित "बेलायतमा श्रमजीवी वर्गको स्थिति" शीर्षक रहेको प्रसिद्ध कृतिमा एङ्गेल्सले मजदुरहरूको दयनीय अवस्थाबारे गहिरो विश्लेषण गर्नु भएको थियो। त्यसमा उहाँले पुँजीवादले बेरोजगारहरूको खेती गर्ने र यसरी सनिर्माण हुने "श्रमजीवीहरूको आरक्षित सेना"ले नै अन्ततः पुँजीवादको अन्त्य गरी विश्व समाजवादी क्रान्तिको प्रक्रिया सुरु गर्ने कुरा औल्याउनु भएको छ। पुँजीवादी उत्पादन सम्बन्ध र त्यसमाथि प्रविधिमाथि पुँजीपतिहरूको एकाधिकारका कारण विश्वभरि वर्षेनी करोडौँको सङ्ख्यामा बेरोजगारहरू थपिँदै गइरहेका छन्। एङ्गेल्सले भने जस्तै यी बेरोजगारहरू विश्व सर्वहारा क्रान्तिका आरक्षित सेना हुन्। यो सेनालाई मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा प्रशिक्षित गरेर समाजवादी क्रान्तिको प्रक्रियामा लामबद्ध गराउनु नेपाल लगायत विश्वभरिका आम क्रान्तिकारीहरूको दायित्व हो। *माघ १५, २०७७*

कम्युनिस्ट...

कार्यकर्तालाई अघि बढाउनमा मद्दत गर्नु, कार्यकर्ताले दिक्क पार्दा धैर्यतापूर्वक समय दिन अनिच्छुक नहुनु र तिनको विकासलाई बढाउनु ।

चौंथो, नयाँ र पुराना कार्यकर्ताहरू पुरानै पदमा रही गतिहिन र निराश नरहोस् भन्नाको लागि समयमा नै तिनीहरूलाई हिम्मतका साथ पदोन्नति गर्नु । पाँचौं, कार्यकर्ताहरूको बाँडफाँड गर्दा प्रत्येकले आफू ठिक ठाउँमा रहेको अनुभव गरोस्, प्रत्येकले आफ्नौ व्यक्तिगत क्षमताले साझा लक्ष्यमा पुग्न सक्ने योगदान अधिकतम रूपमा गर्न सकोस् र कार्यकर्ताहरूको बाँडफाँड गर्ने कामको समान्य दिशाले जुन उद्देश्यको निम्ति बाँडफाँड गरिएको हो, त्यसको कार्यान्वयनका लागि राजनीतिक कार्यदिशाका भागहरूको पुरै सित परिपूर्ति गरोस् । नयाँ तथा पुरानो कार्यकर्ताहरूको हिम्मतका साथ र समयमा नै पदोन्नति गर्नु हो ।

कार्यकर्ताहरू छनोट गर्दा पुराना नयाँ दुवैमाथि भरोसा राख्नुपर्दछ । अवश्य पनि पुराना कार्यकर्ताहरूले पार्टीको सम्पत्तिको प्रतिनिधित्व गर्दछन् । उनीहरूमा युवा कार्यकर्ताहरूसँग नभएका कुराहरू छन् । नेतृत्वमा विशाल अनुभव, मार्क्सवादी लेनिनवादी सिद्धान्तमा प्रशिक्षण प्राप्ति, मामिला सम्बन्धी ज्ञान, दिशावोध गर्ने क्षमताहरू छन् । तर पहिलो कुरा प्राकृतिक नियमका क्रियाशीलताले गर्दा तिनीहरू आंशिक रूपले कामबाट बाहिरिएका हुन्छन् । तिनीहरू कम संख्यामा छन् । पुराना कार्यकर्ताहरूको एक अंश कहिलेकाहिँ विगतप्रति मरिहत्ते हाल्ने, अतितमा टाँसिइराख्ने, पुरानो खाडलमा अडिरहन मनपर्ने प्रवृत्तिका रहन्छन् र तिनीहरू जीवनमा नयाँ कुरालाई देख्न सक्दैनन् । यसलाई नविनताको भाव गुमाएको भनिन्छ । यो एक ज्यादै गम्भीर र खतरनाक कमजोरी हो ।

जहाँसम्म युवा कार्यकर्ताहरूको सवाल छ, अवश्य पनि तिनीहरूमा पुराना कार्यकर्तासित भएका अनुभव, प्रशिक्षण, मामिला सम्बन्धी ज्ञान र दिशावोधको क्षमता छैनन् । तर पहिलो कुरा युवा कमरेडहरू विशाल बहुसंख्यामा छन् । दोस्रो कुरा तिनीहरू जवान छन् र अहिलेसम्म क्षेत्रबाट विलाउने खतरामा परेका छैनन् । तेस्रो कुरा, तिनीहरूसित नयाँ भाव प्रचुर मात्रामा छ । जुन कुरा प्रत्येक क्रान्तिकारी कार्यकर्तामा एउटा बहुमुल्य गुण हो र चौंथो कुरा तिनीहरू कति छिटोसित विकास र ज्ञान प्राप्त गर्दछन् भने, तिनीहरू कति उत्साहका साथ माथि उठ्दछन् अनि त्यो समय व्यक्ति टाढा हुँदैनन् । जब तिनीहरूले पुरानाहरूलाई उछिन्नेछन्, पुरानाहरू सँगसँगै उभिनेछन् र पुरानाको ठाउँमा स्थापित हुन योग्य बन्नेछन् । त्यसैले सवाल पुरानामाथि भरोसा राख्ने कि नयाँमाथि भरोसा राख्ने भन्ने होइन, बरु सवाल पार्टीको सांगठानिक जिम्मेवारीको नेतृत्वको एउटै साझा समस्यामा पुराना र नयाँ कार्यकर्ताहरूको भेलातर्फ अघि बढ्नु हो ।

त्यसैले पार्टी र नेतृत्वको हिम्मतका साथ र समयमा नै युवा कार्यर्काहरूलाई नेतृत्वकारी पदमा बढुवा गर्ने कुरामा पछि पर्नु हुँदैन । तसर्थ नेतृत्वको भूमिका माथिदेखि तलसम्म पुराना र नयाँ कार्यकर्ताहरूलाई एकजुट पार्नु पर्दछ ।

त्यस्तै गरी नेतृत्वको अर्को महत्वपूर्ण कार्य भनेको कार्यकर्ताहरूलाई तिनका आफ्नै गल्तिहरूको आधारमा प्रशिक्षित पार्नु हो । लेनिनले के सिकाउनु भएको छ भने 'पार्टी कार्यकर्ताहरूलाई सही ढंगले प्रशिक्षित तथा शिक्षित बनाउने एउटा सबभन्दा पक्का उपाय इमान्दारीका साथ पार्टीका गल्तिहरूलाई प्रकाशमा ल्याउनु, ती गल्ति हुनाका कारणहरूको अध्ययन गर्नु र ती गल्तिहरूलाई हटाउन आवश्यक बाटो देखाउनु हो' भन्नुभएको छ । यसको के आशय हो भने नेतृत्वले आफ्ना गल्तीहरूलाई ढाकछोप गर्नु हुँदैन, गल्तिहरूलाई छल्नु हुँदैन, बरु इमान्दारीपूर्वक र खुल्ला रूपमा आफ्ना गल्तिहरूलाई सकार्नु पर्दछ र खुल्ला रूपमा इमान्दारीपूर्वक आफ्ना गल्तिहरूलाई सच्याउनु पर्दछ । साथै नेतृत्वले कार्यकर्ताहरूलाई जोगाउनु र स्याहार गर्नुपर्दछ । तिनीहरूको आत्मसम्मान र निश्चलतालाइई जोगाउनु पर्दछ । यस उद्देश्यका लागि सुधारवादीहरूले कार्यकर्ताहरूका गल्तिहरूप्रति आँखा चिम्लन, आलोचनाको उत्साहलाई कमजोर पार्न र ती गल्तीहरूलाई वेवास्ता समेत गर्न सुझाव दिन्छन् । यस्तो सोच आधारभूत रूपले गलत मात्र होइन, बरु उच्चतम हदसम्म खतरनाक, पहिलो र प्रमुख रूपले तिनीहरूले जोगाउन र स्याहार्न चाहेका कार्यकर्ताहरूको लागि खतरनाक पनि छ ।

कार्यकर्ताका गल्तीहरूप्रति आँखा चिम्लेर तिनलाई जोगाउनु र सुरक्षित राख्नुको अर्थ ती कार्यकर्ताहरूलाई निश्चित रूपले नष्ट पार्नु हो । तसर्थ यसतर्फ नेतृत्वको गम्भिर ध्यान जानु जरुरी छ । त्यस्तै गरी सही राजनीतिक कार्यदिशाको प्रतिपादन भएपछि सांगठानिक कामले राजनीतिक कार्यदिशाको सफलता वा असफलतालाई निर्धारण गर्दछ ।

पार्टीको कार्यदिशालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्ने सन्दर्भमा थुप्रै प्रकारका सांगठानिक कठिनाईहरू आउन सक्दछन् ती कठिनाईहरूलाई व्यवस्थित तवरले संघर्षको माध्यमबाट हल गर्दै लैजानुपर्दछ । रुसमा समाजवादी क्रान्तिपश्चात् त्यहाँको पार्टीले थुप्रै सांगठानिक समस्याहरूको सामना गरेको थियो ती समस्याहरूलाई हटाउनको लागि लेनिनद्वारा व्यक्त गरिएको विचारद्वारा निर्देशित रहेको थियो । 'ठिक मानिसहरूको चयन गर्नु र निर्णय पूरा भए वा नभएको कुराको जाँच गर्नु ।' यसै विचारलाई त्यहाँको पार्टीले अबलम्बन गरेको थियो । ठिक मानिसहरूलाई चयन गर्ने र आफूमाथि पार्टीले गरेको विश्वासको योग्य बन्न नसकेकाहरूलाई खारेज गर्ने नीति लिएको थियो ।

सांगठानिक कामलाई राजनीतिक स्तरमा उठाउन र पार्टी कार्यदिशाको प्रयोगलाई सुनिश्चित पार्नको लागि मुख्य रूपमा उपयुक्त उपायहरू सोभियत संघको पार्टीले समिक्षाधीन अवधिमा अपनाएको थियो । तिनीहरूमध्ये एक सुधार्नै नसकिने नोकरशाह र लालफितावादीहरू, दोस्रो दुइखालका कार्यपालहरू जसले पार्टीको कामलाई पछि धकेल्छन्, पार्टीको कामलाई बाधा हाल्ने र अग्रगतिलाई रोक्ने काम गर्दथे । यसमा एउटा कुलिन खालका कार्यपाल र दोस्रो जिम्मेवारीलाई पूरा नगर्ने बकम्फुसेहरू जुन इमान्दार थिए भक्त थिए तर कार्यपालको रूपमा अयोग्य थिए । संगठनको कुनै पनि काम गर्न सक्दैनथे । यस प्रकारका मानिसहरू उनीहरूको कार्यकारी पदबाट गरिने कामभन्दा परको कामको जिम्मा दिइएको थियो । जसले तिनीहरूलाई सोचमग्न बनाइदिएको थियो । यस प्रकारका नेतृत्वलाई कार्यकारी पदमा राखी रहने हो भने हरेक सजिव लक्ष्यलाई निरस तथा अनन्त भाषणहरूको बाढीमा डुवाउदछन् भन्ने निष्कर्षसहित यिनीहरूलाई उक्त कार्यकारी पदबाट हटाइएको थियो, घटुवा गरिएको थियो ।

त्यस्तै गरी सांगठानिक समस्याहरूको हल गर्ने सवालमा नेतृत्वले निर्णयको सिद्धिमाथि उचित प्रकारको निरीक्षण गर्नुपरेको थियो । वोल्सेविक पार्टीले आफ्नो सत्ता चलाउने सवालमा तत्कालिन प्रशासनिक पक्षलाई आफ्नो पार्टीको कार्यदिशालाई कार्यान्वयन गराउने सन्दर्भमा देखिएका समस्याहरूको एउटा उपाय थियो । कि, नोकरशाही र लालफितवादीहरूको कार्यलाई पर्दाफास गराएको थियो । निर्णयको सिद्धिमाथि गरिने उचित निरीक्षण यस्तो विद्युत प्रकाश थियो जसले नोकरशाह र लालफितावादीहरूको पूर्णरूपले पर्दाफास गरेर खास क्षणमा यसले कसरी काम गर्दथ्यो भन्ने कुरालाई खुलस्त पार्न मद्दत गरेको थियो ।

यसले के निष्कर्ष निकालेको थियो भने पार्टीको कामको सन्दर्भमा यदि त्रुटी र असफलताहरूको दश खण्डको नौ खण्डको कारण निर्णयको सिद्धिमाथि निरीक्षण गर्ने उचित रूपले संगठित व्यवस्था नहुनु थियो । यदि यसको राम्रोसँग प्रयोग हुने हो भने कुनै पनि पार्टीले लिएका उद्देश्यहरू सफलतापूर्वक पूरा हुने थियो । तसर्थ अहिलेको वर्तमान परिस्थितिमा कम्युनिष्ट पार्टीहरूको आफ्नो सांगठानिक जीवनमा पनि विभिन्न गलत चिन्तन बोकेका मानिसहरूले पार्टी कब्जा गरी जरा गाडेर बसेका छन् । त्यस्ता व्यक्तिहरू पार्टीको जिम्मेवार निकायहरूमा रहेका हुन सक्छन् । तिनीहरूलाई पहिचान गर्न पनि लेनिन, स्टालिन र माओको विभिन्न सैद्धान्तिक लेख, रचना र पार्टी जीवनमा अपनाउनु भएका विभिन्न समस्याहरूको समाधान गर्ने उपायहरू हाम्रो लागि एउटा मार्गनिर्देशक सिद्धान्त हो । उक्त शिक्षालाई कम्युनिष्ट पार्टीका नेतृत्व, कार्यकर्ता, शुभचिन्तक सबैले अबलम्बन गर्नुपर्दछ । अहिले कम्युनिष्ट पार्टीले सोचेजस्तै काम गर्न नसक्नुका विभिन्न कारणहरू छन् ।

पार्टीभित्र अस्थायी, वैचारिक अन्तरविरोधभन्दा पनि स्थायी प्रकारको गुटबन्दीले पार्टीको क्रान्तिकारी स्प्रीटलाई भद्दा बनाएको छ । तसर्थ लेनिनले भन्नुभएको छ 'पार्टी गुटबन्दीसित मेल नखाने संकल्प गर्नु भनेको एकताको प्रतीक हो ।' तसर्थ पार्टीभित्र फलामे अनुशासनको साथसाथै वैचारिक अन्तरविरोधको द्वन्द्वको निम्ति पनि नेतृत्वले ठाउँ बनाउन सक्नुपर्दछ । तर त्यो निश्चित समयसम्मको लागि मात्र कायम राख्नुपर्दछ । यदि त्यो कार्य अराजक तरिकाले अगाडि बढेमा नेतृत्वको ध्यान ती अवसरवादी तत्वहरूलाई विना शर्त पार्टीबाट निकालेर पार्टी बलियो बनाउन तर्फ केन्द्रित हुनुपर्दछ । त्यस्तै गरी चिनमा महान् सर्वहारा सँस्कृति क्रान्तिका समयमा पनि उत्पादन सम्बन्ध, अर्थात शासक वर्गको विचार, संस्कृति, चालचलनका विरुद्ध तिव्र संघर्ष चलेको थियो । संशोधनवादीहरूको विचार बेग्लै थियो । उनीहरूको व्याख्या अनुसार अब देशमा नयाँ र उन्नत प्रकारको सामाजिक व्यवस्था स्थापित र मजवुत भइसकेको थियो तर उत्पादक शक्तिहरू पिछडिएका थिए ।

उनीहरूले पुरानो प्रकारको अवसर, सम्बन्धका पुराना विचार, संस्कृति, चालचलन, बानीवेहोरा आदि विरुद्धको संघर्षलाई गौण बनाएका थिए । त्यसैले उनीहरू सांस्कृतिक क्रान्तिको पनि विरुद्धमा उभिएका थिए । माओले भन्नुभएको थियो 'पुँजीपति वर्गका प्रतिनिधिहरू, जो पार्टी, सरकार, सेना र सांस्कृतिक समूहहरूमा घुस्छन् ती प्रतिक्रान्तिकारी संशोधनवादीहरूको एजेन्ट हुन् र ती कुनै खुश्चेभको उत्तराधिकारीको रूपमा तयार पारिएका छन् ।'

यसको साथसाथै प्रतिक्रान्तिलाई केवल पार्टी र सरकारमा घुस्न सफल भएका पुँजीपति वर्गका प्रतिनिधि वा एजेण्टहरूले मात्र क्षति पुर्याएको होइन, बरु नेतृत्वमा रहेका कतिपय कम्युनिष्ट हुँ भन्नेहरूले सिद्धान्त द्वन्द्वात्मक तथा ऐतिहासिक, भौतिकवादलाई स्वीकार गर्नाको वावजुद व्यवहारमा उनीहरूको अतिभुतवाद वा आदर्शवादी दृष्टिकोण अपनाउ गर्नाले पनि हो । साथै कतिपय नेतृत्वले आफूलाई ऐतिहासिक भौतिकवादका पण्डित भन्नेहरूले जब उनीहरूको अगाडि विशेष घटना, व्यक्ति वा विचारबारे दृष्टिकोण चिश्चित गर्ने प्रश्न आउँदथ्यो । उनीहरू ऐतिहासिक धारका विरुद्धमा सोचाई अपनाउन पुग्दथे वा कुनै प्रतिक्रियावादी विचारहरूका पछाडि लाग्नसम्म पुग्दथे ।

कतिपय परिस्थितिमा सामन्ती मान्यता र पुँजीवादी आदर्शहरूलाई सहयोग पुर्याउँथे । तसर्थ जब कुनै मार्क्सवादी लेनिनवादी पार्टीका नेतृत्वहरूमा यस प्रकारको सोचाईहरू देखा पर्दछन् भने तिनीहरूले बाह्य रूपमा मार्क्सवादी लेनिनवादी सिद्धान्तको कुरा गरे पनि यथार्थमा उनीहरूको कार्यदिशा र चरित्र गैरक्रान्तिकारी बन्दै गइरहेको हुन्छ । यस्ता प्रकारका नेतृत्वहरूको ठाउँमा क्रान्तिकारी नेतृत्व स्थापित गराउने र उत्तराधिकारी तयार पार्दै जानु पनि अहिलेको विश्व कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउँदै आएका पार्टी र नेतृत्वले बुझ्नु जरुरी छ ।

साथै आन्तरिक, बाह्य र अन्तर्राष्ट्रिय परिस्थितिलाई राम्रोसँग बुझेको सबै प्रकारका सैद्धान्तिक, व्यवहारिक र सांगठानिक नेतृत्व गर्न सक्ने नेतृत्वले पार्टीभित्र रहेका यस प्रकारका लालनोकरशाहहरू जो पार्टी नेतृत्वको वरिपरि रहन्छन्, लालफितावादी जो आफूलाई कम्यनिष्ट भन्ठान्छन्, कुलिन नेतृत्वहरू जो पुरानो नेतृत्व हुँ भन्ठान्छन् र बकम्फुसेहरू जो आफूलाई जिम्मेवार नेतृत्व तथा कार्यकर्ता भन्ठान्छन्, तिनीहरूको पहिचान गर्न ढिलाई गर्नुहुँदैन ।

साथै सुधारवादी, अवसरवादी देखिएका नेतृत्वलाई पनि पार्टीका विभिन्न मोर्चा, समितिका नेतृत्वबाट हटाउँदै अगाडि बढ्नुपर्दछ । तिनीहरूको ठाउँमा पनि सच्चा, इमान्दार, कर्मठ, क्षमतावान, नैतिकवान, त्यागी, क्रान्तिकारी स्प्रीट भएको नेतृत्वहरू स्थापित गर्न सकेमात्र त्यस प्रकारको पार्टीले कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाई क्रान्ति सम्पन्न गरी समाजवादी व्यवस्था स्थापित गरी त्यसलाई टिकाइराख्न सक्छ ।

(कम्युनिस्ट नेतृत्वबारे माओत्सेतुङको दृष्टिकोणमा आधारित आलेख ।)

बुद्ध दर्शन...

बैठकमा नेपालले पनि बुद्ध सर्किटको प्रस्ताव गरेको तथ्य यहाँनेर स्मरणीय छ ।

बुद्धसँग जोडिएको अर्को पाटो हो ध्यान । बुद्ध आफैँले ४५ वर्षसम्म विपश्यना ध्यान गरी यसको शिक्षा दिएको मानिएको छ । धर्ममा आस्था हुने वा नहुने, जुनसुकै धर्म, वर्ण, भाषा र देशका मानिस विपश्यनाका लागि नेपाल आउँछन् ।

बौद्ध दर्शन मुख्य रूपमा यी तीन सिद्धान्तमा आधारित रहेको मानिन्छ : १. अनिश्वरवाद, २. अनात्मवाद र ३. क्षणिकवाद ।

१. अनिश्वरवाद - बुद्धका दर्शनको जुन रूप (अनित्य, अनात्म, प्रतित्य) समुत्पाद हामीले लेख्यौ, त्यसमा आत्माको जसरी नै ईश्वर वा ब्रह्मको पनि ठाउँ छैन । बुद्धले अनात्मावादका विषयमा जति व्याख्या दिए, त्यति ईश्वरवादका विषयमा दिएका छैनन् ।

बुद्धले ईश्वरको सत्तालाई मानेका थिएनन्, किनभने दुनियाँ प्रतीत्यसमुत्पादको नियमबाट सञ्चालित हुन्छ भन्ने उनको धारणा थियो । प्रतीत्यसमुत्पाद अर्थात कारण-कार्यको । यस श्रृंखलाका धेरै चक्र हुन्छन्, जसलाई १२ भागमा बाँडिएको छ । त्यसैले यस ब्रह्माण्डलाई सञ्चालन गर्ने कोही पनि छैन । न त कोही उत्पत्तिकर्ता छ, किनभने उत्पत्तिभन्दा अन्त्यको पनि भान हुन्छ । त्यसैले न कुनै सुरुवात छ न त अन्त्य नै ।

२. अनात्मवाद - बुद्ध आत्मवादका कडा विरोधी थिए । तर अनात्मवादको अर्थ वास्तवमै 'आत्मा छैन' भन्ने लाग्दैन । जसलाई मान्छे आत्मा सम्झिन्छन्, त्यो चेतनाको अविच्छिन्न प्रवाह हो । यो प्रवाह कहिल्यै पनि छुट्टिएर जडसित बाँधिन सक्छ र कहिल्यै पनि अन्धकारमा लीन हुन सक्छ ।

स्वयं हुनुको अर्थ जानेविना नै आत्मवान हुन सक्दैन । निर्वाणको अवस्थामा मात्रै स्वयंलाई जान्न सकिन्छ । मृत्युपछि आत्मा महासुसुप्तिमा बिलाएर जान्छ । त्यो अनन्तकालसम्म अन्धकारमा रहिरहन सक्छ अथवा त्यसै बखत् नै अर्को जन्म लिएर सांसारिक चक्रमा फेरि सहभागी हुन सक्दछ । त्यसैले आत्मा तबसम्म आत्मा हुँदैन, जबसम्म बुद्धत्व प्राप्त हुँदैन ।

३. क्षणिकवाद - बुद्धको दर्शन एकदमै क्षणिकवादी छ । कुनै पनि वस्तुलाई उनी एक क्षणभन्दा बढ्ता रहने मान्दैनन् । तर यस दृष्टिलाई उनले समाजको आर्थिक व्यवस्था चाहिँ लागू गर्न चाहेनन् । बुद्ध दर्शनका अनुसार यो ब्रह्माण्डमा सबै कुरा क्षणिक र नश्वर छ । स्थायी भन्ने कुनै कुरा पनि छैन । सबैथोक परिवर्तनशील छ । यो शरीर र ब्रह्माण्ड पनि त्यस्तै हुन्छ, जसरी घोडा, गद्दी र पाङ्गाको संयुक्त रूपलाई रथ भनिन्छ र यी ३ वटै कुरालाई अलग अलग गर्दा रथको अस्तित्व रहँदैन ।

माथि प्रस्तुत गरिएका तिन सिद्धान्तमा आधारित भएर बौद्ध दर्शनको रचना भएको हो । यी तीन सिद्धान्तमा भन्दा अगाडि बढेर थेरवाद, वैभाषिक, सौत्रान्त्रिक, माध्यमिक (शून्यवाद), योगाचार (विज्ञानवाद) र स्वतन्त्र योगाचारको दर्शन निर्माण भएको पाइन्छ । यसैगरी बौद्ध धर्मका दुई प्रमुख सम्प्रदायबाट छ उपसम्प्रदाय बनेका छन् । यी सबैको केन्द्रीय दर्शन प्रतीत्यसमुत्पाद नै रहेको छ ।

निर्वाणलाई जीवनको चरम लक्ष्य मान्ने यो दर्शन चार आर्यसत्यमा केन्द्रित रहेको छ । गौतम बुद्धद्वारा प्रतिपादित चार आर्यसत्य यसप्रकार छन्, १. संसार दुखमय छ, २. दुखको कारण छ, ३. दुखको नाश सम्भव छ, ४. दुखानाशको उपाय छ ।

आर्य अष्टाङ्ग मार्ग - बौद्ध धर्मका अनुसार दुःख निरोधको बाटो चौंथो आर्य सत्यको आर्य अष्टाङ्ग मार्ग हो । गौतम बुद्ध भन्थे कि चार आर्यसत्यको सत्यताको निश्चय गर्नका लागि यस मार्गको अनुशरण गर्नुपर्छ ।

१. सम्यक दृष्टि - सबै वस्तुको वास्तविकता बुझ्नु । २. सम्यक संकल्प - नराम्रो काम नगर्नु र परोपकारको भावना जागृत राख्नु । ३. सम्यक वाक - हानिकारक कुरा नगर्नु र झूट नबोल्नु । ४. सम्यक कर्म - हिंसा, चोरीजस्ता नराम्रा कामहरू त्यागी राम्रा काम गर्नु । ५. सम्यक जीविका - कुनै पनि स्पष्टतः या अस्पष्टतः हानिकारक व्यापार नगर्नु । ६. सम्यक व्यायाम - मनस्थितिलाई शुद्ध राख्नु । ७. सम्यक स्मृति - म र मेरो भावनाबाट माथि उठ्नु । ८. सम्यक समाधि - चार आर्यसत्यको मनन र आर्यसत्यमा श्रद्धा, आनन्द एवं शान्तिको चेतनाप्रति उदासीनता र शारीरिक एवं मानसिक सन्तुष्टिको अभावावस्ता आदि ।

नेकपा...

पाँच दलीय गठवन्धनको शेरबहादुर देउवा नेतृत्वको सरकारले यसको कुनै प्रतिवाद नगर्नु र अतिक्रमित भूमि फिर्ता गराउन कुनै पहल नगर्नु नेपाली शासक वर्गको राष्ट्रिय आत्मसमर्पणवादी चरित्रको अभिव्यक्ति हो ।

नेकपा (क्रान्तिकारी माओवादी)ले उनको यो अभिव्यक्तिलाई भारतीय प्रधानमन्त्री मोदीको विस्तारवादी मानसिकता र चरम दादागिरीको अभिव्यक्ति हो भन्दै एक प्रेसवक्तव्यमार्फत विरोध गर्दै भारत सरकारसँग लिपुलेक, कालापानी र लिम्पियाधुरासम्मको सम्पूर्ण अतिक्रमित नेपाली भूमि अविलम्ब फिर्ता गर्न जोडदार माग गरेको छ । प्रेसवक्तव्यमार्फतको पूर्ण पाठ तल दिइएको छ :

प्रेसवक्तव्य

भारतको उत्तराखण्डको कुनै ठाउँमा आयोजित एउटा खुला जनसभाको कार्यक्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बोलेको भिडियो हालै सार्वजनिक भएको छ । उक्त भिडियोमा उनले तिब्बतको मानसरोवर पुग्नका लागि लिपुलेकसम्म सडक विस्तार भइसकेको भनी त्यसको निर्लज्ज उद्घोष गरेका छन् । यो भारतीय प्रधानमन्त्री मोदीको विस्तारवादी मानसिकता र चरम दादागिरीको अभिव्यक्ति हो । हाम्रो पार्टी यसलाई पूर्णतः खारेज गर्दछ र एउटा सार्वभौमसत्ता सम्पन्न देशको भौगोलिक अखण्डताको सम्मान गर्दै लिपुलेक, कालापानी र लिम्पियाधुरासम्मको सम्पूर्ण अतिक्रमित नेपाली भूमि अविलम्ब फिर्ता गर्न भारत सरकारसँग जोडदार माग गर्दछ ।

नेपाली भूमिमा भारत सरकारले सडक निर्माण गरेको विषय सार्वजनिक हुँदा समेत नेपाल सरकारले त्यसको कुनै प्रतिवाद नगर्नु र अतिक्रमित भूमि फिर्ता गराउन कुनै पहल नगर्नु नेपाली शासक वर्गको राष्ट्रिय आत्मसमर्पणवादी चरित्रको अभिव्यक्ति हो । हाम्रो पार्टी यसको घोर निन्दा एवम भर्त्सना गर्दछ । साथै, नेपाली राष्ट्रिय स्वाधीनताका विरुद्ध मोदीले सार्वजनिक रूपमा बोलेको विषयमा खुला आत्मालोचना सहित नेपाली भूमि फिर्ता गराउन नेपाल सरकारले भारत सरकार समक्ष अविलम्ब कूटनीतिक पहल बढाओस् भन्ने माग गर्दछ ।

हाम्रो देश नेपाल लामो समयदेखि साम्राज्यवाद र मुख्यतः भारतीय विस्तारवादी हस्तक्षेपबाट पीडित रहँदै आएको छ । भारतीय हस्तक्षेप र नेपाली शासक वर्गको लम्पसारवादी चरित्रका विरुद्ध नेपाली जनताले निरन्तर चलाउँदै आएको देशभक्तिपूर्ण सङ्घर्षका कारण आजसम्म हामीले नेपाली भएको गर्व गर्न पाएका छौं । वाह्य हस्तक्षेप बढ्दै गएको र नेपाली शासकवर्ग दिनप्रतिदिन झन-झन साम्राज्यवाद तथा विस्तारवाद परस्त बन्दै गएको सन्दर्भमा देशको राष्ट्रिय स्वाधीनता गम्भीर खतरामा पर्न गएको छ । यो स्थितिमा, राष्ट्रिय स्वाधीनताको रक्षाका निमित्त एकताबद्ध भई सङ्घर्षमा अगाडि बढ्न हाम्रो पार्टी सम्पूर्ण देशभक्त, प्रगतिशील, जनवादी तथा क्रान्तिकारी शक्तिहरूमा हार्दिक अपील गर्दछ । मिति : २०७८ पुस २४ गते

किरण
महासचिव
नेकपा (क्रान्तिकारी माओवादी)

निःशुल्क...

यसका विरुद्ध जनपक्षीय पत्रकारहरूले सशक्त कलम चलाउनुपर्नेमा जोड दिनुभयो ।

महासचिव किरणले जनपक्षीय पत्रकारिताकको माध्यमबाट सर्वाहारा जनतालाई सुचना दिनको निम्ति पत्रकारहरूको महत्वपूर्ण भूमिका रहने पनि बताउनु भयो।

उहाँले कार्लमार्क्स पनि पत्रकार भएको बताउँदै पत्रकारिता आफैमा एउटा सशक्त आन्दोलन भएको बताउनु भयो ।

आजको युग सूचना साम्राज्यवाद तथा सूचना क्रान्तिको युग भन्दै उहाँले पत्रकारिता महत्वपूर्ण भएको चर्चा गर्नुभयो।

त्यस्तै अखिल क्रान्तिकारीक अध्यक्ष गजुरेलले विद्यार्थीहरूको हरेक आन्दोलनले देशको मुहार फेरेकोले अब पनि विद्यार्थीहरूले नै देशको मुहार फेर्ने बेला आएको बताउनु भयो।

देशको इतिहासको कालखण्डमा विद्यार्थीको भूमिका महत्वपूर्ण रहेको बताउनु भयो भने स्वास्थ्य र शिक्षामा अहिले माफियाको हालिमुहालि रहेको बताउनुभयो।

अखिल (क्रान्तिकारी) की केन्द्रिय उपाध्यक्ष तथा ३ नं. प्रदेश संहयोजक शिलु न्यौपानेको अध्यक्षता सम्पन्न कार्यक्रमको संञ्चालन केन्द्रीय सदस्य शोभा सेन्चुरीले गर्नुभएको थियो।

कार्यक्रममा पार्टीका पीवीएमद्वय दिनेश शर्मा सागर, सुरेश श्रेष्ठ प्रवेश, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष नारायण पंगेनी लगायतका नेताहरूको आतिथ्यता रहेको थियो ।

भारतीय...

माइतीघर मण्डलामा पुगेर कोणसभाका परिणत भएको थियो ।

कोणसभालाई नेकपा (क्रान्तिकारी माओवादी)का पिविएम दिनेश शर्मा सागर, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सदस्य हरिकृष्ण गजुरेललगायतका नेताहरूले सम्बोधन गर्नुभएको थियो ।

कोणसभाको सञ्चालन मोर्चाकी ललितपुर अध्यक्ष इन्दिरा अधिकारीले गर्नुभएको थियो ।

मोदीको...

अभिव्यक्तिको संज्ञा दिदै यसलाई पूर्णतः खारेज गरिएको छ । र, एउटा सार्वभौमसत्ता सम्पन्न देशको भौगोलिक अखण्डताको सम्मान गर्दै लिपुलेक, कालापानी र लिम्पियाधुरासम्मको सम्पूर्ण अतिक्रमित नेपाली भूमि अविलम्ब फिर्ता गर्न भारत सरकारसँग जोडदार माग समेत गरेको छ ।

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

आलोपालो

बुद्ध दर्शन र यसका प्रमुख मान्यताहरु

शाक्य मुनि गौतम बुद्धलाई 'भगवान्' भन्ने पनि छन्, 'महान् दार्शनिक' मान्ने पनि छन् । बुद्धको सहस्राब्दीमा प्लेटो, अरिस्टोटल, महावीर जैन, लाउन्स आदि दार्शनिक र वैज्ञानिक जन्मिए । तर उनको जस्तो ख्याति कमाउन सकेनन् । त्यसैले २ हजार ५ सय ६४ वर्षअघि लुम्बिनीमा जन्मेका यी महापुरूषलाई नेपालले राष्ट्रिय विभूतिको सम्मान दिएको छ ।

नेपालमा जन्मिएका बुद्धका अनुयायी नेपालमा भन्दा अन्य देशमा बढी पाइन्छन् । बुद्धको सिद्धान्त, दर्शन र विचार वास्तविक अर्थमा बुझ्ने जमात सानो छ । बुद्ध दर्शनलाई धर्मको रूपमा बुझ्ने र अर्थ लगाउनेको जमात नै ठूलो छ । बुद्धले जे नगर्नु भनेका थिए, आज त्यही भएको छ । मानिसलाई जे नगर्नु भन्यो, त्यही गर्नुपर्ने । जे नमान्नु भन्यो, त्यसैलाई मान्ने । गौतम बुद्धले मूर्ति पूजाको विरोध गरे । संसारमा उनकै धेरै र ठूला मूर्ति पाइन्छन् ।

शास्त्रबाट होइन, ज्ञान आफै भित्रबाट पाइन्छ भने तर आज सबै बौद्धमार्गी उनका विचारलाई सूत्रका रूपमा बुझ्छन् । बुद्धले जीवन जिउने कला सिकाए । तर मानिस त्यसलाई धर्मको रूपमा बुझ्दछ । बुद्ध दर्शन कुनै धर्म होइन । तर पनि यसलाई धर्म बनाइयो । जब भारतमा बौद्ध अनुयायीहरू बढ्न थाले, हिन्दू धर्मावलम्बी र बौद्ध धर्मावलम्बीहरू बीच लामो समय साम्प्रदायिक द्वन्द्व भड्किएको र लामो समयसम्म चल्यो । अन्ततः हिन्दू धर्मावलम्बीले बुद्धलाई विष्णु भगवानको नवौं अवतार घोषणा गरेको पाइन्छ । किनकि पुराणहरूपछि लेखिएका हुन् । बुद्ध जन्मिनुभन्दा अघि कुनै पनि ग्रन्थमा बौद्ध अवतारको बारेमा उल्लेख गरिएको पाइँदैन । यो त केवल दुई सम्प्रदायबीच धार्मिक सहिष्णुता कायम गर्नलाई निकालिएको जुक्ति मात्र हो ।

बुद्धले जीवनको सम्बन्धमा गरेको व्याख्या आज पनि त्यत्तिकै सान्दर्भिक छ । बुद्धअघिका कपिल, कर्णाद्, चार्वाक, महावीरलाई पनि मानिसले धार्मिक गुरूको रूपमा बुझ्दै आएका छन् । चार्वाक, महावीर, बुद्ध, पतञ्जली लगायतका भारत वर्षमा जन्मिएका महापुरूष आज कुनै एक सम्प्रदायका मात्र बनेका छन् । त्यसमा पनि उनीहरू भौतिकवादी दृष्टिकोणका आधारमा होइन, धार्मिक पुरूषका रूपमा व्याख्या गरिएको छ । भारतमा हुर्किएका यी दार्शनिक दृष्टिकोण संसारमा पहिलो भौतिकवादी दृष्टिकोण भए पनि बुद्धबाहेक अरुको प्रभाव कमजोर छ ।

खासमा बुद्ध ध्यानशील तथा एकान्तप्रेमी दार्शनिक हुन् । उनको देन आफ्ना अनुयायीलाई दिएको शिक्षामा आधारित छ । त्यही शिक्षा साढे दुई हजार वर्षमा भारतीय उपमहाद्वीप हुँदै मध्य, पूर्वी र दक्षिण-पूर्वी जम्बु महाद्वीपसम्म धर्मका रूपमा फैलियो र चौंथो ठूलो धर्म रह्यो । बुद्ध दर्शनमा रहेका प्रजातन्त्र, स्वतन्त्रता, मानव अधिकार, पेसागत हकहित, समानता, समता र मानवीय मूल्य आधुनिक विश्वले स्वीकारेको छ ।बुद्ध दर्शनमा जातिवाद र कर्मकाण्डलाई कुनै स्थान छैन । उनको महान् सन्देश हो, आफ्नो उज्यालो आफैं बन र आफैमा मानवता खोज । शान्तिको खोजमा छटपटाइरहेको विश्वका निम्ति बुद्ध दर्शन शाश्वत र सार्वकालिक पनि छ ।संयुक्त राष्ट्रसंघले समेत बुद्धको पञ्चशीलको सिद्धान्तलाई अनुमोदन गर्दै विश्वव्यापी मान्यता दिएको छ । यसलाई शान्ति, मैत्री र करुणाको सन्देश दिने सामाजिक र मौलिक दर्शनका रूपमा नेपालले ब्रान्डिङ गर्न सक्छ ।

लुम्बिनीसहित भारतका कुशीनगर, बोधगया र वाराणसी (सारनाथ) लाई चारधाम मान्छन् बौद्धमार्गी । जापानले यसलाई जोड्ने बुद्ध करिडोर निर्माणको प्रस्ताव गरेको छ । म्यानमारमा सम्पन्न बिमिस्टेकको *बाँकी ७ पेजमा*

क्रान्तिकारी ट्रेड युनियन महासंघको प्रदेशस्तरीय वैचारिक राजनीतिक प्रशिक्षण कार्यक्रम सम्पन्न

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको प्रदेश ३ ले प्रदेश स्तरीय वैचारिक राजनीतिक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । पार्टीको प्रदेश कार्यालय कुपण्डोलमा शनिबार आयोजित वैचारिक राजनीतिक प्रक्षिण सम्पन्न गरेको हो ।

'वैचारिक राजनीतिक एवम् मजदुर सचेतनामूलक प्रशिक्षण कार्यक्रम' नाम दिइएको प्रशिक्षण कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का पीवीएम दिनेश शर्मा'सागर'ले राष्ट्रिय तथा अन्तर्राष्ट्रि कम्युनिस्ट आन्दोलनमा मजदुरहरूले खेलेको भूमिका र नेपालको क्रान्तिमा खेल्नुपर्ने भूमिकाको विषयमा, पार्टीका पीवीएम सुरेश श्रेष्ठले समसामयिक राजनीतिक परिस्थिति र मजदुर आन्दोलनको आर्यभारको विषयमा र महासंघका अध्यक्ष इश्वर तिमिल्सिनाले विश्व पुँजीवाद तथा साम्राज्यवादको चरित्र र मजदुर आन्दोलनको दिशाका विषयमा प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा मजदुर नेता बद्री चापागाईले समेत मजदुर आन्दोलनको विषयमा प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो ।

प्रशिक्षण कार्यक्रमको अध्यक्षता अर्जुनलाल श्रेष्ठले गर्नुभएको थियो भने सञ्चालन दिनेश बर्तौलाले गर्नुभएको थियो । महासंघले उपत्यकाका तीन जिल्लालाई लक्षित गरेर मजदुर सचेतना अभियान समेत सञ्चालनको थालनी गरेको बताइएको छ । त्यसैको तयारी अन्तर्गत शनिबार वैचारिक राजनीतिक प्रशिक्षण सम्पन्न गरिएको महासंघका प्रदेश ३ का संयोजक अर्जुनलाल श्रेष्ठले जानकारी दिनुभयो ।

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसा नै महिला हिंसा हो । त्यस्ता हिंसा सामाजिक तथा कानूनी रूपमा अपराध हुन् ।
कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।